# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

वर्ष १९, अङ्क ५ | २०६७, असार १ – १५ | पूर्णाङ्क ४३१



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२६५१ (सम्पादन), २६५० (छापाखाना), २१०९ (विक्री)

फ्याक्स: ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** infor@supremecourt.gov.np, Web: www.supremecourt.gov.np

## सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री प्रकाश वस्ती | - अध्यक्ष |
| सहरजिष्ट्रार श्री विपुल न्यौपाने | - सदस्य |
| सम्पादक श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटा | - सचिव |

**सम्पादन शाखामा कार्यरत कर्मचारीहरु**

कम्प्युटर अधिकृत श्री शम्भुप्रसाद आचार्य
मुद्रण अधिकृत श्री उत्सव कान्छा महर्जन
ना.सु.श्री कृष्णवहादुर गुरुङ
ना.सु.श्री सम्झना सिम्खडा पुडासैनी
डि. श्री सरस्वती खड्का
कार्यालय सहयोगी श्री कृष्णवहादुर श्रेष्ठ

**२०६७ असार १ देखि १५ गतेसम्म विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष इजलास | ३ |
| पूर्ण इजलास | |
| संयुक्त इजलास | ९ |
| इजलास नं.१ | ९ |
| इजलास नं. २ | ८ |
| इजलास नं. ३ | ९ |
| इजलास न.. ४ | ६ |
| इजलास नं. ५ | १ |
| इजलास नं. ६ | ८ |
| इजलास नं. ७ | ५ |
| इजलास नं ८ | १० |
| इजलास नं ९ | |
| इजलास नं. १० | १६ |
| एकल इजलास | १ |
| **जम्मा** | **८५** |

**यो समाचार बुलेटिन हो । निर्णय संक्षेपीकरण गर्दा इजलासले नै प्रयोग गरेका शब्द यहाँ नपरेका पनि हुन सक्दछन् । यहाँ उल्लिखित निर्णयहरूको नक्कल लिन सकिनेछ ।**

## २०६७ साल असार १ देखि १५ गतेसम्म मुद्दाको लगत फछ्र्यौट विवरण

| क्र.सं | बिषयगत मुद्दा | | लगत | | | फछ्र्यौट संख्या | बांकी | पछिल्लो अबधिको बांकी |
|---|---|---|---|---|---|---|---|---|
| | | | जिम्मेवारी सरेको | यस वर्ष परेको | जम्मा | | | |
| 1= | पुनरावेदनपत्र | देवानी पुनरावेदन | ३६५२ | ११५४ | ४८०६ | १७९३ | ३०१३ | २९९५ |
| 2= | | फौजदारी पुनरावेदन | २३६८ | ७८९ | ३१५७ | ११४७ | २०१० | २०६८ |
| 3= | | देवानी पूर्ण इजलास | ६७ | २४ | ९१ | ६९ | २२ | २२ |
| 4= | | फौजदारीपूर्ण इजलास | ३६ | १० | ४६ | ४१ | ५ | ५ |
| 5= | रिट निवेदन | वन्दीप्रत्यक्षीकरण | ३ | ६६ | ६९ | ६१ | ८ | ९ |
| 6= | | साधारण रिट | २६०१ | १२८८ | ३८८९ | १३६३ | २५२६ | २५१८ |
| 7= | | पूर्ण रिट | १० | १२ | २२ | ९ | १३ | १३ |
| 8= | | विशेष रिट | ६४ | ५४ | ११८ | ७१ | ४७ | ४७ |
| 9= | साधक | साधक | ८७ | ८४ | १७१ | ९६ | ७५ | ८४ |
| 10= | दोहोर्‍याई पाऊँ | दोहोर्‍याई पाऊँ देवानी | १०९४ | ८७९ | १९७३ | १२९५ | ६७८ | ७१८ |
| 11= | | दोहोर्‍याई पाऊँ फौजदारी | ३६४ | ३२२ | ६८६ | ४५४ | २३२ | २४८ |
| 12= | पुनरावलोकन | पुनरावलोकनको निवेदन | ३२७ | ४६६ | ७९३ | २४० | ५५३ | ५३६ |
| 13= | अनुमति | पुनराबेदनको अनुमति निवेदन | १०५ | ५९ | १६४ | ४३ | १२१ | ११९ |
| 14= | विविध | विविध | ७२ | २१ | ९३ | ३३ | ६० | ६२ |
| 15= | निवेदन प्रतिवेदन | निवेदन | १० | ३२७ | ३३७ | ३२३ | १४ | ११८ |
| 16= | | प्रतिवेदन | १४ | १७३ | १८७ | १५२ | ३५ | ७० |
| | | जम्मा | १०८७४ | ५७२८ | १६६०२ | ७१९० | ९४१२ | ९६३२ |

### २०६७ साल असार १ देखि १५ गतेसम्मको मुद्दातर्फको संख्यात्मक विवरण

| | | | |
|---|---|---|---|
| (क) कार्यदिन | १२ | (ङ) आदेश संख्या | ३५७ |
| (ख) पेशी चढेका मुद्दा संख्या | १९४० | (च) फछ्र्योट संख्या | ३६७ |
| (ग) कानून व्यवसायीद्वारा स्थगित भएका मुद्दा संख्या | ४०४ | (छ) हेर्न नभ्याएका | ५८१ |
| (घ) हेर्न नमिल्ने मुद्दा संख्या | १९० | (ज) नि.सु. संख्या | ४१ |

### समूहकृत (अभियान) मुद्दाहरूको २०६७ असार १५ गतेसम्मको स्थिति

| समूह | कूल मुद्दा | फैसला | | | हेर्दाहिर्दै | नि.सु. | मेलमिलापमा गएको | वाँकी |
|---|---|---|---|---|---|---|---|---|
| | | अघिल्लो अवधिसम्म | यस अवधिसम्म | जम्मा | | | | |
| फौजदारी | ३६३ | १९४ | ५६ | २५० | ७६ | १३ | | ११३ |
| देवानी | ११७८ | ९८० | ८ | ९८८ | | २९ | १४ | १९० |
| रिट/वाणिज्य | ३३६ | ३०५ | ३ | ३०८ | १ | | | २८ |

**उद्धरणः** *सअ* बुलेटिन २०६... ... १ वा २, पृष्ठ ....
(साल) (महिना)

उदाहरणार्थः *सअ* बुलेटिन, २०६७, असार - १, पृष्ठ ११

का.जि.द.नं. ३९।०४९।०५०

**नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन**
**अब हाम्रो वेभसाइटमा उपलव्ध छन्**

ठेगाना

**www.supremecourt .gov.np**

- यो वेभसाइट खोलेपछि बायाँतर्फ **नेपाल कानून पत्रिका** तथा त्यसको तल **सर्वोच्च अदालत बुलेटिन**मा क्लिक गर्नुहोस् ।
- २०६६ साल वैशाखदेखिका यी पत्रिकामा समाविष्ट निर्णयहरू पढन र अर्को निर्णय नभएसम्म निःशुल्क डाउनलोड गर्न सकिनेछ ।

**नेपाल कानून आयोगको वेभसाइटमा संविधान समेत हालसम्म २५० जति ऐनहरू र तीमध्ये १०० वटा जति ऐनको अंग्रेजी अनुवाद निःशुल्क पढन र डाउनलोड गर्न सकिनेछ ।**

ठेगाना

**www.lawcommission .gov.np**

मूल्य रु.१५।-

मुद्रकः सर्वोच्च अदालत, छापाखाना, रामशाहपथ, काठमाडौं ।

## विषयसूची


| क्र.सं | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | **१-२** |
| 1= | उत्प्रेषण | राजु बस्नेत वि., राष्ट्रपतिको कार्यालय | |
| 2= | उत्प्रेषण | सरोजराज गोसाई वि.नेपाल सरकार | |
| 3= | उत्प्रेषणयुक्त परमादेश, | बल्लभ बस्नेत वि. नेपाल सरकार | |
| **संयुक्त इजलास** | | | **२-५** |
| 4= | अंश दर्ता | कृष्णबहादुर बस्नेत वि.भूपमाया बस्नेत | |
| 5= | ठगी | नेपाल सरकार वि. पुष्पकदेव गिरी | |
| 6= | अंशदर्ता चलन | जिलेवियादेवी वि. वौका दास तत्मा | |
| 7= | नागरिकता | नेपाल सरकार वि. रामशुभग गोसाई | |
| 8= | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. विकाउ राय यादव | |
| 9= | निर्णय वदर | भगवती काफ्ले वि. ओम शर्मा, | |
| 10= | डाँका | नेपाल सरकार वि. टेकबहादुर थापा | |
| 11= | विद्यालयको भ्रष्टाचार | लालबाबु पाण्डे वि. नेपाल सरकार | |
| **इजलास नं. १** | | | **५-७** |
| 12= | जग्गा खिचोला | कौशलकिशोर दत्त वि. गोपाल प्रसाद उराव | |
| 13= | लिखत वदर दर्ता वदर | मिथिला चौधरी वि.स्व. दरूनी खातुन | |
| 14= | वन पैदावार | नेपाल सरकार वि. प्रेमबहादुर दनुवार | |
| 15= | उत्प्रेषण | मनिष अग्रवाल वि. शैलेन्द्र उपाध्याय | |
| 16= | उत्प्रेषण समेत | अर्चना अग्रवाल वि. नेपाल विद्युत प्राधिकरण समेत, | |
| 17= | उत्प्रेषण | रमेश पाण्डे वि. नेपाल सरकार | |
| 18= | जग्गा खिचोला | टीकादेवी सिलवाल वि. लिलाकान्त कँडेल | |
| 19= | जग्गा सार्वजनिक | खड्गबहादुर गिरी वि. विजयलाल श्रेष्ठ | |
| **इजलास नं. २** | | | **७-९** |
| 20= | जवर्जस्ती करणी | तेजकुमार बुढाथोकी वि. नेपाल सरकार | |
| 21= | निषेधाज्ञा, परमादेश | दलवीर पुन वि. श्री नयाँ गोरखगण | |
| 22= | परमादेश | ज्योति (लम्साल) पौडेल वि., नेपाल सरकार | |
| 23= | जग्गा खिचोला घर उठाई पाऊँ | राम नरेश महतो वि. राम आशिष महतो | |
| 24= | वण्डापत्र वदर, | राजजीत सिंह वि. रीतादेवी सिंह | |
| 25= | लेनदेन | ईश्वरमान प्रधान वि. जीवन विष्ट | |
| **इजलास नं. ३** | | | **९-१०** |
| 26= | मोही निष्काशन, | बलराम बस्नेत वि. मञ्जू ढुङ्गाना समेत | |
| 27= | लगत सच्याई पाऊँ | आशालाल प्रजापति वि. मञ्जू ढुङ्गाना | |
| 28= | जवर्जती करणी | नेपाल सरकार वि.लालबहादुर महतो | |
| 29= | उत्प्रेषण | राजु थापा वि मंन्त्रिपरिषदको कार्यालय, काठमाडौं | |
| 30= | उत्प्रेषण | डा. रुपज्योति वि. मंन्त्रिपरिषद्को कार्यालय काठमाडौं | |
| 31= | खिचोला मेटाई पाऊँ | कमलाकुमारी शर्मा वि. नानीकुमारी महर्जन | |
| 32= | दर्ता वदर दर्ता, | निलकण्ठप्रसाद सुवाल वि. विष्णुप्रसाद ढकाल | |

| | | |
|---|---|---|
| **इजलास नं. ४** | | **११-१२** |
| 33= | नागरिकता | विजयकुमार शाह वि. गृह मन्त्रालय |
| 34= | जालसाजी | विन्देश्वरीदेवी कारक वि. रामविलास महतो |
| 35= | कर्तव्य ज्यान | रामवृष चौधरी वि. नेपाल सरकार |
| 36= | फैसला बदर हक कायम | हजारी साहु हलुवाई वि. रामलखन साहु हलुवाई |
| **इजलास नं. ५** | | **१२** |
| 37= | बन्दी प्रत्यक्षीकरण | शान्ति श्रेष्ठ वि. कारागार कार्यालय, जगन्नाथदेवल |
| **इजलास नं. ६** | | **१२-१४** |
| 38= | परमादेश, | भेमप्रसाद भट्टराई वि. काठमाडौ जिल्ला विकास समिति |
| 39= | भ्रष्ट्राचार | राजेश विक्रम सिजापती वि. नेपाल सरकार |
| 40= | नागरिकता | अमरनारायण लोनिया वि. नेपाल सरकार, |
| 41= | उत्प्रेषण | सूर्यबहादुर गुरूङ्ग वि. सैनिक विशेष अदालत |
| 42= | अपुताली हक कायम | जगतमाया अर्याल वि. बालकृष्ण उपाध्याय |
| 43= | अंश दर्ता | फूलवती कुमारी यादव वि. सीताराम यादव |
| **इजलास नं. ७** | | **१४-१५** |
| 44= | परमादेश, | अनीलकुमार पौडेल वि. डिल्लीबिक्रःम लिम्बू |
| 45= | खुन डाँका | नेपाल सरकार वि. रासलाल यादव |
| 46= | नामसारी वदर, | वृषबहादुर बस्नेत वि. देबु बस्नेत, |
| 47= | कर्तव्य ज्यान | नेपाल सरकार वि. विष्णुमाया |
| 48= | कर्तव्य ज्यान | नेपाल सरकार वि. गोविन्द राई |
| **इजलास नं. ८** | | **१५-१८** |
| 49= | जवर्जस्ती करणी | नेपाल सरकार वि. हरि भट्ट |
| 50= | तर्फ खुलाई पाऊँ, | अन्नपूर्ण सुवेदी वि. सरस्वती सुवेदी |
| 51= | निर्णय दर्ता वदर | नानी महर्जन वि. नरबहादुर महर्जन |
| 52= | जवर्जस्ती करणी | नेपाल सरकार वि. भरत कार्की |
| 53= | कर्तव्य ज्यान | नेपाल सरकार वि. मधुरजंग खड्का |
| 54= | जबर्जस्ती करणी | रामहरि लामिछाने वि. नेपाल सरकार |
| 55= | कर्तव्य ज्यान | नेपाल सरकार वि. रीता सापकोटा, |
| 56= | कर्तव्य ज्यान | नेपाल सरकार वि. देवराज धिमाल, |
| 57= | अंश | नरमाया ढुंगेल वि. मनमाया ढुंगेल |
| 58= | लागू औषध | नेपाल सरकार वि. केशवराज घिमिरे |
| **इजलास नं. १०** | | **१८-२२** |
| 59= | उत्प्रेषण | स्वाबलम्वन विकास बैंक वि. श्रम अदालत |
| 60= | मोही प्रमाणपत्र | गोपालभक्त माथेमा वि. रामपुजन यादव |
| 61= | आयकर | सुशील जोशी वि. ३ नं. क्षेत्र कर कार्यालय |
| 62= | उत्प्रेषण, परमादेश | कृष्णबहादुर थापा, वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| 63= | उत्प्रेषण | मनजीत सिंह वि. कन्काई सिंचाई परियोजना |
| 64= | गैरकानूनी ट्रेडमार्कको प्रयोग | दमनबहादुर अमात्य वि. नेपाल सरकार, उद्योग विभाग |
| 65= | निर्णय वदर | श्यामकुमार मानन्धर वि. विष्णुमाया थापा |
| 66= | ठगी, | बीरेन्द्र निरौला वि. नेपाल सरकार, |
| 67= | सरकारी छाप दस्तखत कीर्ते | नेपाल सरकार वि. खेमराज मगर |
| 68= | कर्तव्य ज्यान | कृष्णकुमारी घिमिरे वि. नेपाल सरकार |
| 69= | अंश चलन | झिग्मी पलवर बिष्ट वि. कर्साङ्ग लावाङ्ग, |
| **एकल इजलास** | | **२२** |
| 70= | बन्दी प्रत्यक्षीकरण | काशीराम अधिकारी वि. केन्द्रीय कारागार कार्यालय |

## बिशेष इजलास

१

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या. श्री खिलराज रेग्मी र मा. न्या. श्री ताहिर अली अन्सारी**, रिट नं. ०६५ WS ००२१, अधिकारपृच्छा, उत्प्रेषण, *राजु बस्नेत वि. राष्ट्रपति, राष्ट्रपतिको कार्यालय समेत*

हाम्रो देशको वर्तमान संविधानअनुरूप संविधानसभाको व्यवस्थापिका संसदको हैसियत निष्क्रिय रहेको अर्थात् व्यवस्थापिका संसदको अधिवेशन अन्त्य भएको अवस्थामा संविधानको धारा ८८ को उपधारा (१) बमोजिम तत्काल केही गर्न आवश्यक परेको छ भन्ने कुरामा राष्ट्रपति सन्तुष्ट भएमा संविधानमा लेखिएका कुराहरूको प्रतिकूल नहुने गरी मन्त्रिपरिषद्को सिफारिशमा आवश्यक अध्यादेश जारी गर्नसक्ने संवैधानिक प्रावधान देखिने ।

व्यवस्थपिका संसदको अधिवेशन अन्त्य भएको अवस्थामा तत्काल केही गर्न आवश्यक परेको छ भन्ने कुरामा राष्ट्रपति सन्तुष्ट भएमा संविधानमा लेखिएका कुराहरूको प्रतिकूल नहुने गरी मन्त्रिपरिषद्को सिफारिशमा आवश्यक भएको अध्यादेश जारी गर्नसक्ने संवैधानिक प्रावधान भएको अवस्थामा सोहीअनुरूप नै विवादित अध्यादेशहरू जारी भएको देखिन्छ । यस परिप्रेक्ष्यमा हेर्दा विवादित अध्यादेशहरूलाई प्रारम्भतः गैरसंवैधानिक भन्न मिलेन । तस्मात् नेपालको अन्तरिम संविधानको धारा ८८ को उपधारा (२) बमोजिम त्यस्तो अध्यादेश ऐनसरह मान्य हुने भए पनि सो उपधाराको प्रतिवन्धात्मक वाक्यांशको देहाय (क) मा अध्यादेश जारी भएपछि बसेको व्यवस्थापिका संसदको बैठकले स्वीकार नगरेमा स्वतः निष्क्रिय हुने देहाय (ख) अनुसार राष्ट्रपतिबाट जुनसुकै बखत खारेज हुनसक्ने र देहाय (ग) मा खण्ड (क) र (ख) बमोजिम निष्क्रिय वा खारेज नभएमा व्यवस्थापिका संसदको बैठक बसेको साठी दिनपछि स्वतः निष्क्रिय हुने प्रावधान देखिन्छ । उक्त संवैधानिक प्रावधानअनुरूप निवेदकले विवादमा ल्याएका अध्यादेशरू हाल अस्तित्वहीन भैसकेका छन् । सोही अध्यादेशहरू वदर घोषित गरिपाउन दावी लिएको प्रस्तुत निवेदन औचित्यहीन भैसकेको देखिदा खारेज हुने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

इति संवत् २०६६ साल फागुन २७ गते रोज ५ शुभम्

२

**मा. न्या. श्री रामप्रसाद श्रेष्ठ, मा.न्या. श्री खिलराज रेग्मी र मा. न्या. श्री ताहिर अली अन्सारी**, रिट नं. ०६६ WS ००२०, उत्प्रेषण, प्रतिषेध तथा परमादेश, *सरोजराज गोसाई समेत वि. नेपाल सरकार*

राज्यले चौतर्फी विकासका कार्यहरूको सञ्चालन, देशको आन्तरिक प्रशासनको सञ्चालन, शान्ति, सुरक्षा, स्वास्थ्य लगायतका सार्वजनिक चासो र सरोकारको विषयहरूमा समेत ध्यान दिनुपर्ने अवस्था हुँदा सबै कुरामा राज्य एकैपटक सक्षम हुन्छ भन्ने अवस्था रहन्न । वित्तीय स्रोत साधन, परिचालनबाट मात्र सम्भव हुने कुराहरूको हकमा राज्यले धान्न सक्ने नसक्ने भन्ने कुरातर्फ कुनै अध्ययन नै नगरी माध्यमिक तहसम्मको निःशुल्क शिक्षासम्बन्धी हकलाई क्रियाशील गर्न कानून बनाउन आदेश जारी गरिएमा त्यस्तो हक बिनाअवरोध उपभोग गर्न राज्यले दिनुपर्ने हुन्छ । राज्यको स्रोत साधनको अपर्याप्तताको कारण राज्यले त्यस्तो हक क्रियाशील गर्न नसक्ने अवस्था उत्पन्न भएमा त्यसबाट मौलिक हकको उपभोगमा गम्भीर सङ्कट उत्पन्न हुनेतर्फ पनि विचार गर्नुपर्ने ।

राज्य आफ्नो दायित्व र प्रतिवद्धताप्रति सचेत र क्रियाशील रहेको अवस्थामा राज्यको आर्थिक, स्रोत र साधन परिचालन गरी व्यवस्था गरिने कुराका हकमा अदालतबाट त्यसतर्फ विचार नगरी सोभै परमादेश वा निर्देशन दिनु उचित नहुने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्युटर : विपनादेवी मल्ल

इति संवत् २०६६ साल फागुन २७ गते रोज ५ शुभम्

## संयुक्त इजलास

१

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की**, २०६४ सालको दे.पु.नं. १२२१, अंश दर्ता, *कृष्णबहादुर बस्नेत वि. भूपमाया बस्नेत,* २०६३ सालको दे.पु.नं. १२२२ *भूपमाया बस्नेत वि. कृष्णबहादुर बस्नेत समेत*

प्रमाण ऐन, २०३१ को दफा ६ (क) को व्यवस्थाअनुसार सगोलको परिवारमध्ये जसका नाममा सम्पत्ति भएपनि अन्यथा प्रमाणित नभएसम्म सगोलको मान्नुपर्ने र बण्डा गर्नुपर्ने कानूनी व्यवस्था हो । भूपमायाले फिराद गर्दाको अवस्थामा सुशीलाकुमारी राईको सम्बन्ध बिच्छेद नभएको र सो समयमा अंश मुद्दामा निज एक अंशियार हुनुका साथै सम्बन्ध बिच्छेद गर्दा अंश भाग छुट्ट्याउनु पर्ने नयाँ व्यवस्थाबाट समेत निजको नामको सम्पत्ति सगोलको मान्नुपर्ने र सो सम्पत्तिबाट समग्र अंशियारका बीच वण्डा गर्नुपर्ने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६६ साल पौष १ गते रोज ४ शुभम्

२

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की**, २०६६ सालको फौ.पु.नं. ०५४६, ठगी, *नेपाल सरकार वि. पुष्पकदेव गिरी समेत*

फौजदारी अभियोगमा प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार दावी प्रमाणित गर्ने भार वादी उपर रहन्छ । फलानो फलानोले यो कसूर गरे भनेर मात्र पुग्दैन बल्की त्यो कुरा शंकारहित तवरले पुष्टि हुनु पर्दछ । यी प्रतिवादी उपर रकम हिनामिना गरेर लगे भन्ने आरोप होइन कि भाईलाई भगाए भन्ने आरोप छ । भाईलाई भगाएको न त पुष्टि हुन्छ न त भाई सँगै मिली ठगी कार्यमा संलग्न भएको नै देखिन्छ । यस्तो अवस्थामा कुनै संस्थामा भाईले कार्य गर्दैमा, त्यसको कार्यको फौजदारी दायित्व

३

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ, मा.न्या. श्री खिलराज रेग्मी र मा. न्या. श्री ताहिर अली अन्सारी,** २०६४ रिट नं WS ००२५, उत्प्रेषणयुक्त परमादेश, *बल्लभ बस्नेत समेत वि. नेपाल सरकार समेत*

आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ३६ ले नेपाल सरकारले २०६४।९।२२ मा सोही ऐनले दिएको अधिकारअनुरूप दोस्रो संशोधन गरेको र सो संशोधनमा परिवर्तित अवस्थाअनुसार शाब्दिक हेरफेरको साथै व्यवस्थापिका-संसदले छनौट गरेको योजना कार्यक्रमको कार्यान्वयन र व्यवस्थापनसम्बन्धी कुराहरू, आर्थिक वर्ष २०६४/०६५ को लागि २०६४ सालको फागुन मसान्तसम्म त्यस्ता कार्यक्रम पेश गर्नुपर्ने व्यवस्था, अर्थ मन्त्रालयबाट अख्तियारीबमोजिमको प्राप्त रकमको लेखापरीक्षणसम्बन्धी व्यवस्था जस्ता कुराहरू समावेश गरिएको देखिएबाट निवेदकले दावी गरे जस्ता निर्बाचन क्षेत्र विकास कार्यक्रमको रकमको लेखापरीक्षण नहुने र अधिकारविना नै सरकारले सो नियमावली बनाएको भन्ने देखिँदैन । यही नियमावली तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८३ विपरीत भएको भनी भरतमणि जंगमले तत्कालीन श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयसमेतका उपरमा दिएको २०५८ सालको रिट नं ७२ मा यस अदालत विशेष इजलासबाट "नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (ड) ले गरेको परिभाषाअनुरूप ऐनले दिएको अख्तियारी प्रयोग गरी श्री ५ को सरकारले निर्माण गर्ने नियमावलीलाई पनि नेपाल कानून मान्नु पर्ने" (ने.का.प. २०६०, नि.नं. ७१८८, पृष्ठ संख्या १८३) भनी निवेदन खारेज गरेको देखिँदा निवेदन दावीको यो विषय पनि यस अगाडि नै निरूपण भैसकेको अवस्था हुँदा निवेदन दावी औचित्यपूर्ण नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्युटर : विपनादेवी मल्ल

इति संवत् २०६६ साल फागुन २७ गते रोज ५ शुभम्

दाजुले बहन गर्नुपर्छ भन्ने भनाइ फौजदारी न्यायको सिद्धान्तले समेत मिल्दैन । अपराधमा संलग्न भएको देखिने मिसिल संलग्न प्रमाण वेगर प्रतिवादी पुष्पकदेव गिरीको अप्रत्यक्ष संलग्नता थियो भनी शंका र अनुमानको भरमा प्रतिवादीलाई कसूर गरेको भनी ठहर गर्न नमिल्ने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल मंसिर २८ गते रोज १ शुभम्

## ३

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की**, २०६१ सालको दे.पु.नं. ९१८६, अंश दर्ता चलन, *जिलेवियादेवी वि. वौका दास तत्मा*

वादी र प्रतिवादी भाई भाई भएका, दाजु घरको मुख्य नभै भाई नै मुख्य व्यवहारकर्ता हुन् भन्ने विश्वसनीय आधार प्रमाण नभएको र ऋण लिँदा सगोलको अर्को भाई मुख्य जानकारको मञ्जूरी समेत लिएको नदेखिदा अलग बसेको एक भाईले अर्को भाईको मञ्जूरी नलिई बन्द व्यापार गर्न लिएको ऋण समेत अर्को भाईले समेत तिर्नु पर्छ, वण्डा लाग्नु पर्छ भन्ने पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : सरस्वती पौडेल

इति सम्बत् २०६६ साल पौष १ गते रोज ४ शुभम्

## ४

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की**, २०६१ सालको फौ.पु.नं. ३६९०, नागरिकता, *नेपाल सरकार वि. रामशुभग गोसाई*

दाजु वंशजको आधारमा नागरिक भएको अवस्थामा भाई नागरिक हुन सक्छ वा सक्दैन ? प्रतिवादी नेपालको नागरिक हो कि होइन ? त्यसलाई प्रमुख आधार नबनाई बाबुको नागरिकता प्रमाणपत्र थियो वा थिएन ? भन्ने आधारमा निर्णय उन्मूख हुनु औचित्यपूर्ण हुँदैन । रामशुभग गोसाई नेपालमा नै बसोवास गरेको, जाहेरवालाले यी प्रतिवादीलाई आफ्नो बाबु माताबदलको कान्छो छोरा स्वीकार गरी अंश मुद्दामा मिलापत्र गरेको, गाउँ सर्जमिन समेतबाट सो कुरालाई समर्थन भएको एवं २०३४, २०३५ सालमा नागरिकताको अस्थायी निस्सा लिई आवश्यक विवरण पेश गरी २०३८ मा स्थायी नागरिकताको प्रमाणपत्र लिएकोलाई झूट्ठा विवरण देखाई नागरिकताको प्रमाणपत्र लियो भन्न नमिल्ने ।

प्रतिवादीलाई अंशहकबाट बञ्चित गर्ने उद्देश्यले सहोदर भाईलाई आफ्नो भाई नभएको एवं विदेशी नागरिक हो भनी झूट्ठा नागरिकतामा सजाय गर्न जाहेरी दिने, प्रमाण पेश गर्ने कार्य गरेको र पछि निज प्रतिवादीसँग चलेको अंश मुद्दामा भाई नाता स्वीकार गरी मिलापत्र गरेको देखिदा अंश हकबाट वञ्चित गर्ने आफ्नो कुत्सित स्वार्थ पूरा गर्न झूट्ठा जाहेरी गर्ने, जाहेरवाला लालमोहर गोसाइलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २८ को उपदफा २ र ३ नं. बमोजिम रू. ३०००।– जरीवाना हुने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल मंसीर २९ गते रोज २ शुभम्

## ५

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की**, २०६० सालको फौ.पु.नं. ३४९४, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. विकाउ राय यादव समेत*

प्रतिवादीमध्येका मेघु सहनीले पूर्व रिसइवीअनुसार नलकटुवा बन्दुकले फायर गरी पीडित रामबाबु साह ढलेपछि अब मर्छ भन्ने विश्वासमा छाडी गएको देखिदा र बन्दुक फायर गरी हत्या गर्ने प्रयासको ज्यान मार्ने उद्योगमा तेस्रो पक्षको उपस्थिति आवश्यक नपर्ने हुँदा प्रतिवादी मेघु सहनीले ज्यानसम्बन्धी महलको १५ नं. को कसूर गरेको देखिन आउने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल फागुन २५ गते रोज ३ शुभम्

६

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६६ सालको फौ.पु.नं. ०६६ CR ०११६, निर्णय वदर, *भगवतीकुमार काफ्ले वि. ओम शर्मा,* संवत् २०६६ सालको फौ.पु.नं. ०६६ CR ०१६७, *गीताकुमारी मैनाली वि. ओम शर्मा*

प्रचलित कानूनमा भएको व्यवस्था पर्याप्त वा अपर्याप्त के छ भनी हेर्ने वा सो व्यवस्था संविधान अनूकूल छ वा छैन भन्ने सम्बन्धमा छानवीन गरी सोअनुरूप बनाउनु भनी कुनै पदाधिकारी वा निकायलाई निर्देशित गर्ने वा कानूनी व्यवस्थाभन्दा बाहिर विशेष प्रकृतिको आदेश दिनेसम्मको अधिकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई प्राप्त भएको छैन । यस्तो स्थितिमा पुनरावेदक गीताकुमारी मैनालीको उजूरीका आधारमा निजलाई गोरखापत्र संस्थानको सेवाको करारमा निरन्तरता दिनु र सो संस्थानको प्रचलित कर्मचारी सेवा शर्त नियमावली, २०४२ लाई संशोधन गर्नु भनी उक्त संस्थाको प्रचलित कर्मचारी सेवा शर्त विनियमावली, २०४२ लाई संशोधन गर्नु भनी उक्त संस्थानको नाममा परमादेश सरहको आदेश जारी गर्ने लगायतको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णय कानूनसम्मत नदेखिने ।

इजलास अधिकृत : विदुर कोइराला
कम्प्युटर : रामशरण तिमिल्सना
इति संवत् २०६६ साल फागुन १८ गते राज ३ शुभम्

७

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री रणहादुर बम,** फौ.पु.नं.२०६३ CR ०५५३, डाँका, *नेपाल सरकार वि. टेकबहादुर थापा,*

वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूले जाहेरवालाको घरको पश्चिम ढोका भत्किएको, प्रहरीहरू आएपछि मात्र डाँका भएको कुरा थाहा भएको, वस्तुस्थिति मुचुल्काको व्यहोरा प्रहरीले प्रमाणका रूपमा ग्राहय देखिँदैन । प्रतिवादीहरू अधिकार प्राप्त अधिकारीसमक्ष सावित रहेको भन्ने कुराले मात्र अभियोग स्थापित हुदैन, न त जाहेरी दरखास्तले एकाङ्गी नै प्रमाणको हैसियत ग्रहण गर्न सक्छ । जाहेरी दरखास्त वा अभियुक्तले अधिकार प्राप्त अधिकारीसमक्ष गरेका वयानहरूलाई अन्य प्रमाणहरूबाट पुष्टि गरिनु पर्दछ । कसूर गरेको कुरामा सावित रहेका प्रतिवादीहरूले पनि टेकबहादुर थापा, राजु घिसिङ, रामबहादुर विश्वकर्मा र रमेशकुमार ढकाललाई वारदातको समयमा आफूहरूको साथमा रहेको वा उनीहरूले कुनै हिसाबले आपराधिक क्रियामा सहयोग पुऱ्याएको भनी उल्लेख नगरेको अवस्थामा अनुमानका भरमा कसैलाई दोषी ठहऱ्याउन नमिल्ने ।

इजलास अधिकृत : उमेश कोइराला
इति संवत् २०६६ साल चैत १७ गते रोज ३ शुभम्

- यसमा यसै लगाउको २०६२ सालको फौ.पु.नं. ३३९८, *नेपाल सरकार वि. राजु घिसिङ समेत* को मुद्दामा यसैअनुसार निर्णय भएको छ ।

८

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६१ सालको फौ.पु.नं. ३३९२, विद्यालयको रकम हिनामिना र भ्रष्टाचार गरेको, *लालबाबु पाण्डे वि. नेपाल सरकार,* २०६१ सालको फौ.पु.नं. ३४२१, *रामविवेचन ठाकुर वि. नेपाल सरकार*

सरकारी विद्यालयको तलवी भरपाई समेतलाई दूषित तवरले थपघट गरी शिक्षकले प्राप्त गर्ने तलव स्केल नै सच्याई, थपघट गरी सरकारी विद्यालयको खातामा भएको रकम झिकी मासी हिनामिना गरेको कार्यलाई तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत कारवाही हुने भ्रष्टाचारजन्य कसूर मान्नु पर्ने हुन आई यी प्रतिवादी स्वयंले हिनामिना गरेको उल्लिखित रकमका सम्बन्धमा निजले भरपर्दो प्रमाणद्वारा आफ्नो निर्दोषिता प्रमाणित गर्न सकेको अवस्था समेत छैन । आफ्नो नियन्त्रणमा रहेको तलवी भरपाईहरूमा तलवस्केलको रकम पछिबाट सच्याई वास्तविक

खर्चभन्दा बढी रकम झिकी सम्बन्धित शिक्षकले पेश्की लिएको भन्ने जिकीर लिनु र त्यसको कुनै भरपर्दो प्रमाण पेश गर्न नसक्नुबाटै यी प्रतिवादीको बद्नियत पुष्टि भइरहेको देखिन्छ । त्यसरी पेश्की लिएको भन्ने यी प्रतिवादीको भनाइलाई सम्बन्धित शिक्षकहरूले खण्डन गरी लेखा परीक्षकको प्रतिवेदनमा समेत उक्त कुरा उल्लेख भएबाट यस्तो वद्नियतपूर्ण भ्रष्टाचारजन्य कार्यमा यी प्रतिवादी लालबाबु पाण्डेको पूर्ण संलग्नता समेत प्रमाणित भइरहेको समेत प्रमाणित हुन आउने ।

इजलास अधिकृत : विदुर कोइराला

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६६ साल फागुन ४ गते रोज ३ शुभम्

## इजलास नं. १

१

**मा.न्या. श्री खिलराज रेग्मी र मा. न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं. ०११०, जग्गा खिचोला मेटाई चलन चलाई पाऊँ, *कौशल किशोर दत्त वि. गोपालप्रसाद उराव समेत*

मूल जरिया नै जग्गा तेरो मेरो विषय भएको र सो सम्बन्धमा यी पुनरावेदक र प्रतिवादी गोपालप्रसाद उरावबीच हक कायम मुद्दा परी जग्गाको स्वामित्व निर्क्योल भई यी पुनरावेदकले विवादको जग्गाको हक स्वामित्व प्राप्त गरेको हुँदा अघि प्रतिवादी नबनाएका प्रतिवादीहरूलाई पछि प्रतिवादी बनाई बाली बिगो भराउन सक्ने भनी अर्थ गर्न नमिल्ने ।

इजलास अधिकृत : परशुराम भट्टराई

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल कात्तिक २२ गते रोज १ शुभम्

२

**मा.न्या. श्री खिलराज रेग्मी र मा. न्या. श्री रणबहादुर बम,** २०६१ सालको दे.पु.नं. ८३२८, लेखत वदर, दर्ता वदर दर्ता, *मिथिला चौधरी वि.स्व. दरूनी खातुन,* २०६१ सालको दे.पु.न.. ८३२९, *हसमुद्दिन कवारी समेत, वि.मिथिला चौधरी भूमिहार समेत*

प्रतिवादी वेचन मियाको श्रीमती खैतुन खातुन र छोराहरू नुर हसन, हसमुद्दिन रहमान समेत गरी पाँच अंशियार रहेको अवस्थामा वेचन मियाको छोरा नुर हसनको दावी नै नरहेको र अन्य छोराहरू हसमुद्दिन र रहमानको हकमा निजहरू २१ वर्ष नपुगेका नावालक भई निजहरूको मञ्जूरी लिनुपर्ने अवस्था नहुँदा निजहरूको हकमा दावी खारेज हुने गरी शुरूबाट भएको फैसला सदर हुने गरी पुनरावेदन अदालत जनकपुरबाट भएको फैसला मिलेको देखिँदा सो हदसम्म सदर हुने । उक्त कि.नं. १३४ को जग्गा मध्ये प्र. वेचन मियाको श्रीमती खैतुन खातुनको हकमा सम्म निजको मञ्जूरी वेगर लिनु दिनु गरेको विवादित लिखत ०-०-४ १/२ धुर जग्गाको पाँच भागको एक भागको हदसम्म वदर हुने ।

इजलास अधिकृत : ध्रुबराज त्रिपाठी

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल मसिर ८ गते रोज २ शुभम्

३

**मा.न्या. श्री खिलराज रेग्मी र मा. न्या. श्री रणबहादुर बम,** २०६१ सालको फौ.पु.नं. ३१३६,विनाइजाजत वन पैदावार हटाएको, *नेपाल सरकार वि. प्रेमबहादुर दनुवार समेत,* २०६१ सालको फौ.पु.नं.३६८३, *पदमबहादुर थापा वि. नेपाल सरकार*

प्रतिवादी पदमबहादुरले घटनास्थलमा राखेको भनेको बरामद भएको सम्पूर्ण काठहरू अवैध रूपमा चोरी निकासी गरी वनक्षेत्रबाट ल्याएको अवस्था नभएको र निजले आ.व. २०५३।०५४ मा कोपिला सामुदायिक वन उपभोक्ता समूहबाट ४४.६९ क्युफीट र आ.व. २०५५।०५६ मा उक्त समूहबाटै ५३.१४ क्यूफीट गरी जम्मा ९७.८३ क्यूफीट सालको काठपुर्जीबाट प्राप्त गरेको ब्यहोरा मिति २०५८।११।२० को पत्र तथा निजको अनुसन्धान तथा अदालतसमक्षको वयान समेतबाट देखिन आएकोले उक्त कोपिला सामुदायिक वन उपभोक्ता समूहको पूर्जीबाट प्राप्त ९७.८३

क्यूफीट काठ अभियोग दावीमा उल्लिखित २०६।७९ क्यूफीट काठको विगोमा घटाई विगो कायम गर्नुपर्ने ।
इजलास अधिकृत : ध्रुवराज त्रिपाठी
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल मंसिर ८ गते रोज २ शुभम्

४

**मा.न्या. श्री खिलराज रेग्मी र मा. न्या. श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको रिट नं. ०३१५, उत्प्रेषण, *मनिषकुमार अग्रवाल वि. शैलेन्द्रकुमार उपाध्याय समेत*

शान्ति शुरक्षाको प्रत्याभूति र निजीकरण सम्झौता कार्यान्वयनको लागि निवेदकले प्रस्तुत निवेदन मार्फत दावी गरेकोमा निवेदकको मागबमोजिम शान्ति सुरक्षा वहाल भएको र मजदूरहरूको संघर्ष स्थगित भै कारखाना सुचारू भैसकेको देखिन आएकोले मागबमोजिम आदेश जारी गर्नुको औचित्य समाप्त भैसकेको देखिने ।
इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : वेदना अधिकारी
इति संवत् २०६६ साल चैत ९ गते रोज २ शुभम्

५

**मा.न्या. श्री खिलराज रेग्मी र मा. न्या. श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको रि.नं.०२७७, उत्प्रेषण समेत, *अर्चना अग्रवाल वि. नेपाल विद्युत प्राधिकरण समेत,*

नेपाल विद्युत प्राधिकरणले थप विलिङ्ग गरी निवेदकसँग रकम माग गरेको कार्य कानूनबमोजिम हो वा होइन भन्ने विषयमा तथ्य भित्र प्रवेश गरी सोही मुद्दाबाट निरोपण हुने नै हुँदा जिल्ला अदालतमा कारवाहीयुक्त अवस्थामा रहेको मुद्दामा असर पर्ने गरी प्रस्तुत निवेदनमा आदेश जारी गर्न नमिल्ने ।
इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल चैत ९ गते रोज २ शुभम्

६

**मा.न्या. श्री खिलराज रेग्मी र मा. न्या. श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको रि.नं. ०८४२, उत्प्रेषण समेत, *रमेश पाण्डे वि. नेपाल सरकार समेत*

निवेदकले आफूलाई विपक्षीहरूले बोलपत्रको सूचनामा उल्लिखित शर्तविपरीत कार्य गरेको भन्ने आधार देखाउन नसकेको र शर्तबमोजिम समयमा ठेक्का सम्झौता पनि नगरेको अवस्थामा निवेदकको धरौटी जफत गर्ने र कालो सूचीमा राख्ने वन विभागको निर्णय वदर गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिने ।
इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल चैत ९ गते रोज २ शुभम्

७

**मा.न्या. श्री खिलराज रेग्मी र मा. न्या. श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं ८३१३, जग्गा खिचोला मेटाई चलन चलाई पाऊँ, *टीकादेवी सिलवाल वि. लिलाकान्त कँडेल*

पुनरावेदक वादीको केही जग्गा कम भएको आधारले मात्र प्रतिवादीको जग्गा समेत कम देखिएको अवस्थामा प्रतिवादीले खिचोला गरेको भन्ने दावी कुनै आधार प्रमाणबाट पुष्टि हुन नसक्ने हुँदा वादी प्रतिवादीका दावीका कि.नं.का जग्गाहरूको क्षेत्रफल नक्सा कुण्डलीअनुसार स्रेस्ताभन्दा बढी देखिएको अवस्थामा खिचोलाको दावी पुग्न नसक्ने ।
इजलास अधिकृत : परशुराम भट्टराई
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल असोज १९ गते रोज २ शुभम्

८

**मा.न्या. श्री खिलराज रेग्मी र मा. न्या. श्री प्रकाश वस्ती,** २०५९ सालको दे.पु.नं.९००६, सार्वजनिक जग्गा कायम गरी पाऊँ, *खड्गबहादुर गिरी समेत वि. विजयलाल श्रेष्ठ*

यस अदालतबाट भएको फैसलाले वादी दावीको जग्गालाई नेपाल सरकारको स्वामित्वको भनी सार्वजनिक कायम गरेको देखिन्छ । सो

जग्गा नै सुकुम्बासी समस्या समाधान आयोगको निर्णयले प्रतिवादीहरूले प्राप्त गरेको पाइन्छ । पुनरावेदक प्रतिवादीहरूको नाममा विवादको जग्गा दर्ता गरिदिन सुकुम्बासी समस्या समाधान आयोगलाई नगरपालिकाले सिफारिश समेत गरेको अवस्थामा सो काम कारवाही निर्णयलाई विधिवत ढंगले साधिकार निकायमा चुनौती नदिएबाट अन्यथा हो भन्न नमिल्ने ।

इजलास अधिकृत : परशुराम भट्टराई
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल असोज १९ गते रोज २ शुभम्

- यसै लगाउको २०५९ सालको दे.पु.नं. ९००७, गैरकानूनी निर्णयवदर, दर्ता वदर, सार्वजनिक कायम, *खड्गबहादुर गिरी समेत वि. विजयलाल श्रेष्ठ* भएको मुद्दामा यसैअनुसार निर्णय भएको छ ।

## इजलास नं. २

१

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री अवधेशकुमार यादव**, २०६५ सालको फौ.नं. ००७८, जवर्जस्ती करणी, *तेजकुमार बुढाथोकी वि. नेपाल सरकार*

जवर्जस्ती करणीको अपराधमा पीडितको भनाइ र वकाइले महत्वपूर्ण प्रमाणको स्थान ग्रहण गर्दछ । सम उमेरका दुई पुरूष महिलाबीच पनि जवर्जस्ती करणीको अपराध हुन पुरूषको लिङ्ग घुसेकै हुनुपर्दछ भन्ने नभई सामान्य penetration कार्य नै जवर्जस्ती करणीको अपराधलाई पर्याप्त हुन्छ । पीडितको योनीको वरिपरि घाउ, चोट हुनुपर्ने, वीर्य स्खलन भएको देखिनु पर्ने जस्ता अवस्था प्रत्यक्ष देखिनु पर्दछ भनेर सबै अवस्थामा अपेक्षा गर्न मिल्दैन । घटनाको परिस्थितिजन्य अवस्थाहरूबाट जवर्जस्ती करणी भएको पुष्टि हुन्छ भने जवर्जस्ती करणी भएको मानिने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय
कम्प्युटर : मुकुन्द विष्ट
इति संवत् २०६७ साल बैशाख ८ गते रोज ४ शुभम्

२

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री प्रकाश वस्ती**, २०६५ सालको CI, ९२५,निषेधाज्ञा, परमादेश, *दलवीर पुन वि. श्री नयाँ गोरखगण समेत*

बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताको विश्वसनीयता, अनुभव, गुण अर्थात् quality मा भरपर्न सकिने नसकिने, हैसियत आदि विभिन्न कुराहरूलाई विचार गरेर बोलपत्र आह्वानकर्ताले कसैको बोलपत्र स्वीकार गर्ने भन्ने बोलपत्र आह्वानकर्ताको स्वविवेकीय अधिकारको कुरा हो । न कि सस्तो दर quote गरेको कारण सस्तो दरको बोलपत्र स्वीकार गरिनु पर्ने हो । बोलपत्र मूल्यांङ्कन समितिले कानूनको परिधिभित्र रही निवेदक नमूना खाद्य सप्लायर्सको बोलपत्रको तुलनामा शक्ति सप्लायर्सको बोलपत्रलाई सारभूत रूपमा प्रभावग्राही ठहराएको अन्यथा देखिन आएन । निवेदकले शक्ति सप्लायर्सको दरभाउ रेट स्थापित दररेट निर्धारण समितिको दरभाउ तथा स्वीकृत लागत अनुमानभन्दा बढी छ भन्न समेत सकेको स्थिति नहुँदा पुनरावेदन अदालत दाङ्गबाट निषेधाज्ञा परमादेश रिट निवेदन खारेज हुने ठहराएको निर्णय कानूनसम्मत नै दखिने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६६ साल चैत १२ गते रोज ५ शुभम्

३

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री भरतराज उप्रेती**, २०६४ सालको रिट नं. ०६४ **WO** ०१८६, परमादेश, *ज्योति (लम्साल) पौडेल वि. नेपाल सरकार समेत*

नेपालको अन्तरिम संविधान , २०६३ द्वारा सुरक्षित मौलिक हक राज्यको दायित्व तथा निर्देशक सिद्धान्त तथा हाल निर्माण गरिएको कानून र विद्यमान कानूनहरूमा भएको संशोधनबाट CEDAW को व्यबस्थाअनुसार

महिलाहरूलाई पुरुष सरह समान व्यबहार गर्नुपर्ने ।

महिलालाई लिङ्गको आधारमा भेदभाव गर्न नहुने र प्रथा, परम्परा र प्रचलनको नाममा महिलालाई महिला भएकै कारण पति तथा In-Laws हरूबाट कुनै किसिमले शोषण र भेदभाव गर्न पाइदैन । महिला भएकै कारणले गर्दा ग्रामीण महिलाले पारिवारिक आर्थिक उन्नतिमा बिनामूल्य काम गरी योगदान पुऱ्याए पनि घर र परिवारबाट ग्रामीण महिला पीडित र शोषित भई असमान व्यवहार गरिने प्रचलित प्रचलन र परम्परालाई उन्मूलन गरी ग्रामीण महिलामाथि हुने शोषण र भेदभावलाई अन्त्य गर्न नेपाल सरकार मन्त्रिपरिषद्को नाममा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृत : नारायण प्रसाद रेग्मी
इति संवत् २०६७ साल जेठ २८ गते रोज ६ शुभम्

४

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री भरत राज उप्रेती**, २०६४ CI ०५३४, जग्गा खिचोला घर उठाई पाऊँ , *राम नरेश महतो वि. राम आशिष महतो*

न्याय गरेर मात्र हुदैन गरे जस्तो पनि देखिनु पर्दछ । न्यायिक प्रक्रिया स्वच्छ, पारदर्शी र निष्पक्ष रहनु पर्दछ । कानूनद्वारा निर्धारित प्रक्रिया पूर्ण रूपमा पालना गरेर न्याय गरिएको हुनुपर्दछ । त्यसकारण Due Process of law को जुनसुकै Legal system मा अति महत्व प्रदान गरिएको हुन्छ । प्रस्तुत मुद्दामा एकातर्फ निरन्तर तारेख तोकिरहने अर्कोतर्फ नतोकिएको तारेखको दिन मुद्दा निर्णय भएको अवस्थामा मुद्दाको Merit मा जतिसुकै राम्रो निर्णय भए पनि कार्यविधिगत आधारमा त्यस्तो निर्णयको वजन रहन सक्दैन । प्रस्तुत निर्णय प्राकृतिक न्यायको सिद्धान्तको समेत प्रतिकूल देखिदा यस्ता निर्णयले न्याय तथा कानूनको रोहवरमा मान्यता प्राप्त गर्न नसक्ने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल चैत ९ गते रोज २ शुभम्

५

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री भरतराज उप्रेती**, २०६२ सालको दे.पु.नं. ८६०७, वण्डापत्र वदर, *राजजीत सिंह वि. रीतादेवी सिंह*

वादीले आफू विदेश रहेको र २०५५ सालमा नक्कल सारी थाहा पाएको भनी जिकीर लिएको देखिन्छ । एकासगोलका पति पत्नीबीच नाता सम्बन्ध रहिरहेको अवस्थामा विबादित जग्गाहरू नापजाँच गर्ने बेलामा कहिल्यै विवाद नउठाई २०५५ सालमा आएर मात्र विवाद उठाएको न्याय तथा कानूनसंगत नदेखिने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल चैत ९ गते रोज २ शुभम्

यसै लगाउको निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६२ सालको फौ.पु.नं. ३५६८, जालसाजी, *रामजीत सिंह वि. राजुराज शाही समेत*

२०६२ सालको दे.पु.नं. ८६०८, शेषपछिको वकसपत्र वदर *रामजीत सिंह वि. राजुराज शाही*

६

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री भरतराज उप्रेती**, २०६२ सालको दे.पु.नं. ९७६८, लेनदेन *ईश्वरमान प्रधान वि. जीवन विष्ट*

तल्लो अदालतले कुनै प्रमाण बुझ्न टुटाएको छ भने सो प्रमाण आफैं पनि बुझ्न सक्छ अथवा त्यही छूट प्रमाण बुझ्नको लागि मात्र अह्राई शुरू अदालतले प्रमाण बुझी पठाएपछि समयमै न्याय प्रदान गर्न पुनरावेदन सुन्ने अदालतलाई कानूनद्वारा क्षेत्राधिकार प्रदान गरिएको हुन्छ । हाम्रो न्याय प्रशासन ऐन, २०४८ को दफा १४(ग) मा पुनरावेदन अदालतलाई उल्लिखित अधिकार तथा कर्तव्यको व्यवस्था गरेको अवस्थामा शुरू अदालतमा पठाउने गरी भएको निर्णय न्याय तथा कानूनसंगत नदेखिनुका अतिरिक्त पक्षको Right to speedy justice को हकविपरीत देखिने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय

कम्प्युटर : मुकुन्द विष्ट
इति संवत् २०६६ साल चैत ९ गते रोज २ शुभम्

- यस्तै प्रकृतिको २०६२ सालको दे.पु.नं. ९७६९, लेनदेन, ईश्वरमान प्रधान वि. ठाकुरप्रताप थापा भएको मुद्दामा यसैअनुसार निर्णय भएको छ ।

## इजलास नं. ३

१

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री ताहिर अली अन्सारी**, २०६० सालको दे.पु.नं. ८२७६, बाली भराई मोही निष्कासन, *बलराम बस्नेत वि. मञ्जू ढुङ्गाना समेत*

निर्णय वदर मुद्दाबाट प्रतिवादीको दावी नपुग्ने ठहरी अन्तिम भएर बसेको त्यस्तै लिखत वदर, जालसाजी मुद्दामा वादी दावी नपुग्ने ठहरी फैसला भएको र जग्गामा आफ्नो मोहियानी हकको दावी गर्ने प्रतिवादीले जग्गाको बाली नबुझाएको पनि प्रतिउत्तरमा स्वीकारी रहेको देखिन्छ । यस्तो अवस्था हुँदा दैवी परी बाली नास भएमा वा उब्जा हुन नसकेकोमा वाहेक जग्गाको कूत सालसालै जग्गाधनीलाई नबुझाउने मोहीको मोहियानी हक भूमि सम्बन्धी ऐन, २०२१ को दफा २९(१) बमोजिम यथावत् कायम रहन नसक्ने ।

इजलास अधिकृत : महेन्द्र प्रसाद पोखरेल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६६ साल चैत ९ गते रोज २ शुभम्

२

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री ताहिर अली अन्सारी**, २०६० सालको दे.पे.नं. ९३३८, लगत सच्याई पाऊँ, *आशालाल प्रजापति समेत वि. मञ्जू ढुङ्गाना समेत,* २०६० सालको दे.पु.नं.८२७७, *बलराम बस्नेत वि. मञ्जू ढुङ्गना समेत*

लाग्नै नसक्ने २०२३।२।२४ को तत्कालीन इमाडोल गाउँ पञ्चायतले गरेको फैसलाको आधारमा मोहियानी लगतबाट निजहरूको नाम हटाउने गरी स्रेस्ता सच्याउने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६०।१।२९ मा भएको फैसला नमिलेकोले उल्टी हुने भै साविक मोही कान्छा भाई प्रजापति र पुनकुमार प्रजापतिको मोही हक यथावत कायम रहने र वादीहरूको वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : महेन्द्र प्रसाद पोखरेल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६६ साल चैत ९ गते रोज २ शुभम् ।

३

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री मोहनप्रकाश सिटौला**, २०६१ सालको स.वा.फौ.पु.नं. ३६८२, जवर्जती करणी, *नेपाल सरकार वि.लालबहादुर महतो समेत*

पीडित जाहेरवालीलाई तीनै जना प्रतिवादीहरूले जवर्जस्ती करणी गरेको अवस्था र स्थिति नदेखिएको हुँदा यी प्रतिवादीहरूको हकमा अभियोग दावीबमोजिमको कसूर अपराध पुष्टि भएको नपाइदा सफाइ पाउने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : नम्रता वास्तोला
इति संवत् २०६६ साल कात्तिक १७ गते रोज ३ शुभम्

४

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री गिरीश चन्द्र लाल**, २०६५ सालको रिट नं.०६५ WO ०८४४, उत्प्रेषण समेत, *राजु थापा वि मन्त्रिपरिषदको कार्यालय, काठमाडौं समेत,*

निवेदन माग दावीअनुरूप नेपाल सरकारबाट हाम्रो पदावधि थप गर्ने गरी निर्णय भई हाम्रो मागदावी पूरा भएको हुँदा निबेदन फिर्ता लिन पाऊँ भनी निवेदकहरूको मूल रिट निवेदन नै फिर्ता लिई सकेको अवस्था हुँदा सो रिट निवेदनमा यस अदालतबाट जारी भएको अन्तरिम आदेशको विपरीत हुने गरी विपक्षीबाट सैनिक अधिकृतहरूको पदावधि थप गरेको भनी दायर भएको प्रस्तुत रिट निवेदनको समेत औचित्य समाप्त भइसकेको देखिन आएकोले थप कार्य अघि बढाउन नपरी प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६६ साल माघ ११ गते रोज २ शुभम्

५

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री गिरीश चन्द्र लाल,** रिट नं. २०६३ WO ११३०, उत्प्रषण समेत, *डा. रुपज्योति वि. मन्त्रिपरिषद्को कार्यालय काठमाडौं समेत*

कानूनी आधारबिना विदेश भ्रमण गर्नबाट रोक्न मिल्ने हुँदैन । हाल निवेदकउपर लगाइएको प्रतिवन्ध कायम छैन फुकुवा भइसकेको छ भनी निवेदकतर्फका कानून व्यवसायीले व्यक्त गर्नु भएको र निवेदकलाई विदेश भ्रमण गर्न अनुमति प्रदान गर्ने निर्णय भइसकेको छ भन्ने लिखित जवाफबाट समेत देखिन आएकोले मागबमोजिमको आदेश जारी गरिरहन पर्ने अवस्था नदेखिएबाट प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६६ साल माघ ११ गते रोज २ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार निर्णय भएका छन्:

- २०६३ सालको रिट नं. WO ०८३८, उत्प्रेषण समेत डा.रुपज्योति वि. प्र.मं. तथा मं.प.स. को कार्यालय
- २०६४ सालको फौ.विविध नं. २१, अपहेलना, *डां रुपज्योति वि. गृहमन्त्री कृष्णप्रसाद सिटौला समेत*

६

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ९४९१, जग्गा खिचोला मेटाई हक कायम समेत *कमलाकुमारी शर्मा वि. नानीकुमारी महर्जन*

जग्गा खरीद गर्दा नक्साअनुरूप जग्गा भए नभएको र क्षेत्रफलअनुरूप नक्सा मिले नमिलेको तर्फ होशियारी अपनाउनु पर्नेमा त्यसतर्फ मौकैमा चासो नदेखाई पछि जग्गा घटी भयो भनी अर्काको जग्गाको नक्साभित्र परेको जग्गा बढी देखिएको भन्ने आधारमा खिचोलाको दावी गर्नु पर्याप्त हुँदैन । जग्गाको दर्ता स्रेस्तामा लेखिएको क्षेत्रफल नक्सासँग मेल खाने अवस्था नभई दर्ता स्रेस्ता र नक्सा ट्रेसबाट देखिएको क्षेत्रफल एक आपसमा अमिल्दो देखिन गएमा नक्सा ट्रेसबाट देखिएको क्षेत्रफल नै मान्य हुने ।

इजलास अधिकृत : दीपककुमार दाहाल
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल चैत २४ गते रोज ३ शुभम्

७

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ९७२४, दर्ता वदर दर्ता, *निलकण्ठप्रसाद सुवाल वि. विष्णुप्रसाद ढकाल*

विवादित जग्गा भोगको आधारमा क्षेत्रीय किताबमा वादीको नाम वदर गरी प्रतिवादीको नाम उच्च स्तरीय वन क्षेत्र सुदृढीकरण आयोग चितवन मकवानपुरले समावेश गरेको देखिन्छ । प्रतिवादीले वादीको हक टुटाई लिएको कुनै प्रमाण पेश नगरेको अवस्थामा अर्काको नाममा नापी भएको जग्गालाई जग्गा कमाएको भोगको आधारमा नापी फिल्डबुकमा जनिएको नाम वदर गरी अरूको नाम समावेश गर्ने अधिकार उच्चस्तरीय वन क्षेत्र सुदृढीकरण आयोगलाई जग्गा (नाप जाँच) ऐन, २०१९ ले दिएको देखिँदैन । कानूनन् अधिकार नभएको निकायले गरेको कार्यले वैधता प्राप्त गर्न नसक्ने ।

इजलास अधिकृत : दीपककुमार दाहाल
इति संवत् २०६६ साल चैत २२ गते रोज १ शुभम्

## इजलास नं ४

१

**मा.न्या श्री दामोदरप्रसाद शर्मा र मा. न्या. श्री रामकुमार प्रसाद शाह**,२०६४ सालको फौ पु नं. ०६२३, नेपाली नागरिकताबाट हटाइएको, *विजयकुमार शाह वि. नेपाल सरकार गृह मन्त्रालय*

नेपालको कानूनबमोजिम नेपाली नागरिकता प्राप्त गरेको कुनै व्यक्तिका सम्बन्धमा परेको उजूरीको छानबीन र निर्णय गर्दा उजूरीमा उल्लिखित व्यहोरा तथ्यपूर्ण छ छैन, नागरिकता प्राप्त गर्दा उचित कार्यविधि अपनाइएको वा जाँचबुझ गरिएको थियो थिएन, निजले नागरिकता प्राप्त गर्दा उल्लेख गरेको कुन व्यहोरा उजूरीमा कुन तथ्यसँग नमिली असँगत देखिएको छ, सो तथ्य स्वयंमा निश्चयात्मक र आधारयुक्त छ छैन, संविधान र प्रचलित नेपाल कानूनबमोजिम नेपालको नागरिकता प्राप्त गर्न निज योग्य छ छैन, निजको नेपाल बाहेक अन्य कुन देशको वैध नागरिकता छ र सो अन्य देशको कुन गाउँ, शहर वा ठाउँमा बसोबास छ र सो देखिने तथ्यपूर्ण र वास्तविक प्रमाण के छ सो समेत देखिने आधार प्रमाण मिसिलमा छ छैन, सो समेतको कुरा पूर्वाग्रहरहित तवरबाट विचार गर्नुपर्ने हुन्छ । तर प्रस्तुत मुद्दामा सो केही नगरी मिसिलमा रहेको तथ्य र प्रमाणको समुचित मूल्याङ्कन नगरी मिसिलमा नरहेको प्रमाणलाई आधार मानी तथा आधारहीन बेनामी उजूरी मात्रको आधारमा निर्णय गरिएको पाइदा वेनामी उजूरीको आधारमा नेपालको नागरिकताबाट हटाउने भनी गरेको निर्णय त्रुटिपूर्ण देखिने ।

इजलास अधिकृत : चुरामन खड्का

कम्प्यूटर :विदुषी रायमाझी

इति संवत् २०६६ साल फागुन १८ गते रोज ३ शुभम्

- यसै प्रकृतिको २०६४ सालको फौ पु नं. ०६२२, नेपाली नागरिकताबाट हटाइएको, *अशोक कुमार शाह वि. नेपाल सरकार गृह मन्त्रालय भएको मुद्दमा यसै अनुरुप निर्णय भएको छ ।*

२

**मा.न्या श्री दामोदरप्रसाद शर्मा र मा. न्या. श्री मोहनप्रकाश सिटौला**,२०६१ सालको दुं फौ.पु नं ३२९२, जालसाजी *विन्देश्वरीदेवी कारक समेत विं रामविलास महतो*

आफ्नो हक नै स्थापित हुन नसकेको घर जग्गालाई नाता प्रमाणित लगायतका झूट्ठा कागजात तयार गरी गराई हकवाला सम्बधित व्यक्तिलाई थाहा जानकारी नदिई हक मेट्ने गरी आफ्नो नाममा कायम गरी गराई पछि विन्देश्वरीदेवी कारकलाई हालैको बकसपत्र लिखत गरी प्रत्यर्थी वादीको हक मेट्ने गरी लिने दिने गरेको कार्य कीर्ते कागजको ३ नं. को परिभाषाभित्र पर्ने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्यूटर भवानी ढुंगाना

इति संवत् २०६६ साल मंसिर २३ गते रोज ३ शुभम्

- यसै लगाउको २०६१ सालको दे.पु नं ८८११ को हालैको बकसपत्र लिखत बदर *विन्देश्वरीदेवी कारक समेत विं रामविलास महतो* भएको मुद्दामा पनि यसै बमोजिमको निर्णय भएको ।

३

**मा.न्या श्री दामोदरप्रसाद शर्मा र मा. न्या. श्री सुशीला कार्की**,२०६५ सालको फौ पु नं. ०५२७, कर्तव्य ज्यान, *रामवृष चौधरी वि. नेपाल सरकार*

स्वतन्त्र प्रमाणबाट अपराध पुष्टि भएको अवस्थामा थप पुष्टि गर्न प्रत्यक्षदर्शी प्रमाण नै रहनुपर्दछ भन्ने कानूनको मान्यता रहेको नहुँदा

प्रतिवादीलाई ज्यान सम्बन्धी महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने ।

इजलास अधिकृत : चुरामन खड्का

कम्प्यूटर :विदुषी रायमाझी

इति संवत् २०६६ साल फागुन १९ गते रोज ४ शुभम्

४

**मा.न्या श्री दामोदरप्रसाद शर्मा र मा. न्या. श्री भरतराज उप्रेती**,२०६२ सालको दे.पु नं. 063-CI-0287, फैसला बदर हक कायम, *हजारी साहु हलुवाई वि. रामलखन साहु हलुवाई*

तेस्रो पक्षको हक जाने स्थितिमा निजलाई उजूर गरी हक कायम गराउन अधिकार प्रदान गर्नका लागि अ.बं.८६ नं.को कानूनी व्यवस्था देखिन आउँछ । सोही मुद्दाका पक्ष विपक्षलाई भने सोही मुद्दाको जरियाबाट पुनरावेदन लगायतका विविध उपायहरू अवलम्बन गरी न्याय प्राप्त गर्ने बाटाहरू प्राप्त हुने हुँदा प्रस्तुत मुद्दामा पुनरावेदक वादीको हकमा असर पर्न गएको मिति २०५४।३।२४ को फैसला अ.बं. ८६ नं. बमोजिम बदर हुने । इजलास अधिकृत हेमबहादुर सेन

कम्प्यूटर अमिररत्न महर्जन

इति संवत् २०६६ साल भदौ २ गते रोज ३ शुभम्

## इजलास न ५

१

**मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री भरतराज उप्रेती**, ०६६ WH ००४२, ९४९१, बन्दी प्रत्यक्षीकरण *शान्ति श्रेष्ठ वि. कारागार कार्यालय, जगन्नाथदेवल समेत*

भ्रष्ट्राचार मुद्दामा कसूर गरेको ठहरी निजलाई सोबमोजिम जरीवाना भएको र उक्त जरीवाना नतिरेवापत निजलाई दण्ड सजायको ३८(२) नं. वा ३८(३) नं. बमोजिम कैद ठेकिने हो सो कुरा कैद ठेक्ने जिल्ला अदालतबाट नै कानूनबमोजिम कैद लगत सच्याउन पर्ने भए सच्याइने हुँदा निजलाई उक्त जरीवानावापत कति कैद गर्नुपर्ने हो भन्ने सम्बन्धमा यस अदालतबाट हेर्न नमिल्ने ।

अदालतको अन्तिम फैसलाबमोजिम कैद ठेकिई थुनामा राखेकोलाई सो कैद अबधि बाँकी हुदै गैरकानूनी भन्न नमिल्ने ।

इजलास अधिकृतः पुष्पराज थपालिया

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६६ साल चैत २३ गते रोज २ शुभम्

## इजलास नं ६

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय**, २०६५ सालको दे.पु.नं.०१०३, परमादेश, *गोबिन्द रमा निर्माण सेवाको तर्फबाट र आफ्नो हकमा समेत भेमप्रसाद भट्टराई वि. काठमाडौ जिल्ला विकास समिति समेत*

निबेदकले विपक्षीका लागि काम नगरेको वा बेप्रमाणित रहेको भन्ने तथ्यसहित निबेदकको जिकीरलाई इन्कार गरेको भए विपक्षीको दायित्व नरहने र त्यस्तो मागबमोजिम उपचार दिने तर्फ सोच्न नसकिने स्थिति आउने तर निबेदकले गरेको काम प्रमाणित गरिराखेको अबस्थामा एकजना व्यबसायीले कानूनी निकायको आदेश मानी गरेको कामको लागि माग गरेको भुक्तानीको हकमा जे जस्तो प्रक्रिया अवलम्वन गर्नुपर्ने हो गरी वा वैकल्पिक उपायहरू खोजी निबेदकको निबेदन सम्बन्धमा टुङ्गो लगाइदिनु पर्नेमा अनिर्णित अबस्थामा राख्न नमिल्ने हुँदा मागबमोजिमको विषयमा प्रचलित कानूनबमोजिम निर्णय गर्नका लागि परमादेश जारी हुने ।

इजलास अधिकृत श्रीप्रसाद सञ्जेल

कम्प्यूटर अमिररत्न महर्जन

इति संवत् २०६६ साल चैत २६ गते रोज ५ शुभम्

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गिरीश चन्द्र लाल**, २०६५ सालको स.फौ.पु.नं.०७०५, झुट्ठा शैक्षिक प्रमाण पत्र पेश गरी भ्रष्ट्राचार गरेको, *राजेश विक्रम सिजापती वि. नेपाल सरकार*

भ्रष्ट्राचार निवारण ऐन, २०५९ अर्न्तगत अभियोग लाग्ने अबस्था नभएको र तत्कालीन भ्रष्ट्राचार निवारण ऐन, २०१७ को दफा २४ क अनुसारको हदम्यादभित्र दायर नभएको अभियोग दावी भएको प्रस्तुत मुद्दा हदम्यादका आधारमा खारेज हुने ।

इजलास अधिकृत श्रीप्रसाद सञ्जेल

कम्प्यूटर अमिररत्न महर्जन

इति संवत् २०६६ साल चैत २७गते रोज ६ शुभम्

३

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की**, २०६१ सालको स.फौ.पु.नं.३२०७, झूट्ठा विवरण दिई नागरिकता लिएको, *अमरनारायण लोनिया वि. नेपाल सरकार,* २०६१ सालको स. फौ. पु. नं. ३२०८, *उमाशंकर जयसवाल वि. नेपाल सरकार*

आफ्नो नाममा कायम रहेको जग्गा राजीनामा गरिदिँदा बाबुको नाम एउटा उल्लेख गरी जग्गाको स्वामित्व हस्तान्तरण गरिसके पछि जिल्ला प्रसाशन कार्यालयबाट नागरिकता लिँदा अर्कै व्यहोराको गा.वि.स.को सिफारिश, सर्जमिन मुचुल्कासमेतका लिखतहरूका आधारमा नागरिकता प्राप्त गर्नेलगायतका कार्य नागरिकता ऐन २०२० को दफा १५ विपरीतको कसूरजन्य कार्य हुने ।

वडा अध्यक्षको हैसियतले सर्जमिन लगायतका कानूनबमोजिमका प्रक्रिया पूरा गर्न समेत रोहवरमा बस्नुपर्ने अवस्था कानूनले नै निर्धारण गरेको हुने तर त्यस्तो सर्जमिनमा निजले कुनै गलत ब्यहोराको राय ब्यक्त गरेको वा सिफारिश गरेको नभै अरुले लेखाइदिएको विवरणको सर्जमिन हुदा तयार भएको लिखतमा सक्षी बसेकै सम्मको कारणले निजले नै गलत राय ब्यक्त गरे सरह कसूरदार मान्ने हो भने सर्जमिनको रोहवरमा बस्ने कार्य नै आमरुपमा असहमत हुनसक्ने अबस्था सिर्जना हुन आउदा आफूले ब्यक्त नगरेको रायको लागि पनि कसूरदार कायम गर्न नमिल्ने ।

इजलास अधिकृत : बिष्णुप्रसाद गौतम

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल बैसाख १४ गते रोज ३ शुभम्

- यसै लगाउको २०६४ सालको दे.पु.नं.९९०, *अमरनारायण लोनिया वि. मल्लु लोनिया समेत भएको* अंश नामसारी, *मुद्दामा यसै अनुरूप निर्णय भएको छ ।*

४

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती**, २०६५ सालको रिट दिवेदन नं.२९६, उत्प्रेषण मिश्रीत परमादेश, *सूर्यबहादुर गुरूङ्ग वि. सैनिक विशेष अदालत समेत*

निवेदकलाई सजाय गर्ने गरी शुरू समरी जनरल सैनिक अदालतले गरेको फैसला र सो फैसलालाई सदर गर्ने गरी सैनिक विशेष अदालतबाट भएको फैसलालाई हेर्दा उल्लिखित फैसलामा कानूनी त्रुटिको विद्यमानता नदेखिएको तथा ती फैसलाहरू सैनिक ऐन, २०६३ बमोजिम नै भएको देखिने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल फागुन ३ गते रोज २ शुभम्

५

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती**, २०६३ सालको दे. पु. नं. ९०३० अपुताली हक कायम, *मु. स. गर्ने जगतमाया अर्याल समेत वि. बालकृष्ण उपाध्याय समेत*

छुट्टी भिन्न भै बसेका प्रतिवादीहरूले निक्षेपित रकम प्राप्त गर्न बाणिज्य बैक ऐन,२०३१ को दफा २३(१) (ङ)(च) को दाबी लिए

पनि छुट्टी भिन्न भै बसेका पति पट्टिका नातेदारले हेरचाह नगरी एकै बाबुबाट जन्मिएका भाई नाताका व्यक्तिले दिदीको स्याहार सम्भार गरी पालेको प्रमाणबाट पुष्टि भैसकेको अवस्थामा दिदीको अपुताली वादीले प्राप्त गर्ने अधिकार अपुताली महलको ७ नं. ले स्पष्ट रूपमा प्रदान गरेको देखिदा अपुताली हक कायम हुने ।

इजलास अधिकृत : बिष्णुप्रसाद गौत्तम

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल बैशाख १५ गते रोज ४ शुभम

- यसै लगाउको २०६३ सालको दे. पु. नं. ९०३१ अपुताली हक कायम, *मु. स. गर्ने जगतमाया अर्याल समेत वि. बालकृष्ण उपाध्याय समेत भएको* मुद्दामा यसै अनुरूप निर्णय भएको छ ।

६

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती**, २०६३ सालको CI ११९९, अंश दर्ता , *मु. स. गर्ने फूलवती कुमारी यादव वि. सीताराम यादव*

सगोलमा रहँदा लागेको ऋण धनमा सगोलका सबै अंशियारको दायित्व रहने भन्ने मुलुकी ऐन, दण्ड सजायको २६ नं. को कानूनी ब्यबस्था समेत बमोजिम लिएको ऋणबाट उन्मुक्ति पाउन नसक्ने ।

इजलास अधिकृत : बिष्णुप्रसाद गौत्तम

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल बैशाख १५ गते रोज ४ शुभम्

## इजलास नं ७

१

**मा.न्या. श्री गौरी ढकाल र मा.न्या. श्री ताहिर अली अन्सारी**, २०६४ सालको दे.पु.नं. ६७९, परमादेश, *अनिलकुमार पौडेल वि. डिल्लीबिक्रम लिम्बू*

यदि एउटै विषयमा पहिले नै जाहेरी परी कारवाही गरी मुद्दा अदालतमा विचाराधीन रहेको भए पनि जाहेरी दर्ता गरी सोहीअनुसार प्रक्रिया पूरा गरी उक्त जाहेरीको टुङ्गो लगाउनलाई कुनै कानूनले नरोकेको अवस्थामा सनाखतका लागि जो जे गर्नुपर्ने आवश्यक कानूनी प्रकिया पूरा गरी निवेदकले दिएको जाहेरी दरखास्त दर्ता गरी कानूनबमोजिम अग्रीम कार्य गर्नु गराउनु भनी परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

कम्प्युटर : धनबहादुर गुरूङ्ग

इति संवत् २०६६ साल माघ ७ गते रोज ५ शुभम्

२

**मा.न्या. श्री गौरी ढकाल र मा.न्या. श्री रणबहादुर बम**, २०६२ सालको स.फौ.पु.नं. ३४१९, खुन डाँका, *नेपाल सरकार वि. रासलाल यादव समेत*

प्रतिवादीहरूले डाँका गरेको भनेको विगो दशी स्वरूप वरामद हुन सकेको देखिन्न । प्रतिवादी रासलाल यादव घटनास्थलमा उपस्थित भई मृतक राधाकृष्णलाई कर्तव्य गरी मारेको र अन्य प्रतिवादीहरूले सफाइ पाएको अवस्थामा समेत चारजना भन्दा कम प्रतिवादीको वारदातस्थलमा सहभागिता रहेको पुष्टि भएको अवस्थामा डाँका वारवात स्थापित गर्न नमिल्ने ।

प्रतिवादीमध्येका रासलाल यादवले मृतक राधाकृष्ण यादवलाई कर्तव्य गरी ज्यान मारेको पुष्टि हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. एवं १३(१) नं. को कसूरमा ऐ.१३ (१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृत : शिवप्रसाद खनाल

कम्प्युटर : धनबहादुर गुरूङ्ग

इति संवत् २०६६ साल चैत ९ गते रोज २ शुभम्

३

**मा.न्या. श्री गौरी ढकाल र मा.न्या. श्री रणबहादुर बम**, २०६२ सालको दे.पु.नं.८०२९, नामसारी वदर, *वृषबहादुर बस्नेत वि. देबु बस्नेत,* २०६२ सालको दे.पु.न.. ८२८५,*वृषबहादुर बस्नेत वि. देबु बस्नेत*

आफ्नो पतिको हकभोगको जग्गासम्म वदर हुने भए पनि पछि पुनः निर्माण गरेको र अ.व. १३९ नं. बमोजिम प्रतिवादी कायम भएका राजबहादुर थापालाई प्रतिवादी वृषबहादुर बस्नेतले बिक्री गरेको नदेखिएको अवस्थामा २०५३।४।७ मा भएको दा.खा. नामसारी वदर हुन सक्ने देखिएन । अर्कोतर्फ यदि यी पुनरावेदक प्रतिवादीलाई मर्का परेको भए नक्सा डोर तारेख तोकी फिल्डमा उपस्थित भई आफ्नो विवादित जग्गा देखाई नाप नक्सा गराई आफ्नो व्यहोरा लेखाउने दायित्व यी पुनरावेदकले पूरा गर्न सकेको अवस्था नदेखिदा वादी दावीबमोजिम निजको पतिको हक भोगको जग्गा सम्मको लिखत वदर हुने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

कम्प्युटर : धनबहादुर गुरूङ्ग

इति संवत् २०६६ साल पौष ७ गते रोज ३ शुभम्

४

**मा.न्या. श्री गौरी ढकाल र मा.न्या. श्री गिरीश चन्द्र लाल,** साधक नं. २०६५, RC ०८१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विष्णुमाया ढकाल समेत*

ज्यान मार्ने पूर्व सल्लाहअनुसार प्रतिवादी विष्णुमाया ढकालले रक्सी खाने खुवाउने प्रवन्ध मिलाउने समेतको कार्य गरेको र प्रतिवादी गंगाबहादुर पौडेलले रक्सीमा विष राखी मृतकलाई खुवाउने कार्य गरेको देखिदा निजहरूले ज्यानसम्बन्धीको १ नं. र १३(२) नं. विपरीत कार्य गरी ज्यान मारेको पुष्टि हुने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल मंसिर ५ गते रोज ६ शुभम्

**५**

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६४ सालको साधक नं.००३४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गोविन्दप्रसाद राई*

घटनास्थल लास प्रकृति मुचुल्काले समेत प्रतिवादीको अधिकार प्राप्त अधिकारीसमक्षको भनाइलाई नै समर्थित गरेको अवस्था रहेको र प्रतिवादी एवं मृतक समेतका छोरा जाहेरवाला सुरेन्द्रकुमार राईले अदालतमा गरेको वकपत्र एवं वस्तुस्थिति मुचुल्काका मानिस रामबहादुर लिम्बू, डिकबहादुर सुब्बा, नारायण खत्री, भगीमाया राई समेतको व्यहोराबाट समेत प्रतिवादी गोविन्दप्रसाद राईले मृतक जीतमाया राईलाई कर्तव्य गरी मारेका हुन् भन्ने मिसिल प्रमाणबाट पुष्टि भैरहेको अवस्था हुँदा निजलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल मंसिर ५ गते रोज ६ शुभम्

## इजलास नं ८

१

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** संवत् २०६४ सालको फौ.पु.नं. ३४०५, जवर्जस्ती करणी, *कान्ती लामा नेपाल सरकार वि. हरि भट्ट*

तत्काल प्रतिवादीको सम्पत्ति भएको भन्ने यकीन भएको नदेखिदा निजको सम्पत्ति फेला परेका वा खुल्न आएका वखत प्रतिवादीको सम्पत्ति पीडितलाई भराई दिने ठहर गर्नुपर्नेमा निजको नाउँमा सम्पत्ति नदेखिएको भन्ने आधारमा भराई रहन परेन भन्ने नमिली प्रतिवादीको सम्पत्ति खुल्न आएमा निजको अंश भागबाट आधा पीडितलाई जवर्जस्ती करणीको महलको १० नं. बमोजिम भराई दिनु पर्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

संवत् २०६६ साल पुस १४ गते रोज शुभम्

२

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** संवत् २०६१ सालको दे.पु.नं. ९८०१, जग्गाको तर्फ खुलाई पाऊँ, *अन्नपूर्ण सुवेदी वि. सरस्वती सुवेदी समेत*

हक कायम भई नै सकेको जग्गामा वादी दावीबमोजिम तर्फ खुलाई पाउने नै देखिँदा दावीबमोजिम तर्फ खुलाई दिनुपर्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ
संवत् २०६६ साल पुस १४ गते रोज ३ शभम्

३

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय**, २०६४ सालको दे पु.नं ०८४५, निर्णय दर्ता वदर हक कायम समेत, *नानी महर्जन वि. नरबहादुर महर्जन*

लामो समयदेखि भोग गरी आएको कि.नं. ७० को जग्गा बाबु गणेशबहादुर महर्जनले, निजकै छोरा काजीमान महर्जनले वा अन्य तेस्रो व्यक्तिले पनि त्यसमा आफ्नो हक लेखाई प्रतिवादीको भोगलाई चुनौती दिन सकेको पाइदैन र स्वय वादीले पनि त्यसमा प्रतिवादीको भोगलाई स्वीकारै गरेको देखिदा भोगको आधारमा नापी गोश्वाराले गरेको निर्णय त्रुटिपूर्ण देखिने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ
संवत् २०६६ साल पुस १४ गते रोज ३ शुभम्

४

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय**, संवत् २०६४ सालको फौं.पु.नं. ०११३,जवर्जस्ती करणी, *नेपाल सरकार वि. भरत कार्की*

कसूरको प्रकृति र परिस्थिति हेर्दा प्रतिवादीले पीडित नावालिकालाई पटक पटक करणी गरेको देखिन आएको छ । अन्य परिस्थितिजन्य प्रमाणबाट समर्थित भइरहेको अवस्थामा र प्रतिवादीसँग कुनै गम्भीर प्रकृतिको इवी साधन गर्नुपर्ने कारणको उपस्थिति नरहेबाट पीडित वालिकालाई निजका आमा बाबुले सिकाई भूmट्ठा वकपत्र गर्न लगाएको नदेखिने हुनाले पीडित वालिकाको कागज र वकपत्र सत्य व्यहोरामा आधारित रहेको हुनाले प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने ।

वालिकाको वकपत्र समेतका प्रमाणहरूबाट प्रतिवादी भरत कार्कीले जवर्जस्ती करणी गरेको ठहर्छ । सो ठहर्नाले मुलुकी ऐन, जवर्जस्ती करणीको महलको ३ नं. र वालवालिका सम्बन्धी ऐन, २०२८ को दफा ११ (२) अनुसार निजलाई (३) तीन महिना कैद हुने र जवर्जस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादीको आधा अंश पीडित वालिकालाई भराई दिने समेत ठहर्छ । कैदको हकमा वालवालिका सम्बन्धी ऐनको दफा ४२ (१)(ख) अनुसारको अवस्था व्यतीत भैसकेको देखिन्छ । साथै प्रतिवादी सावालक भइसकेको र नावालिकालाई जवर्जस्ती करणी गरेको ठहरेकोले कैदको हकमा दण्ड सजायको ११क नं.को देहाय उपदफा .(२) अनुसार कैदलाई जरीवानामा परिणत गर्नुपर्ने अवस्था देखिएन । सोही महलको ११ नं. अनुसार कैदको कैद हुने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ
संवत् २०६६ साल पौष १४ गते रोज शुभम्

५

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा. न्या. श्री मोहनप्रकाश सिटौला**, २०६० सालको फौ.पु.न.. ३३५९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मधुरजंग खड्का समेत*

प्रतिवादीको यकीन वतन खुलाउने कानूनी कर्तव्य वादी पक्षको हो । ठीक वतन खुलाउन नसकेको अवस्थामा अदालतले आफै. प्रतिवादीको वतन खोजी हिड्न सक्तैन । प्रतिवादी अम्बरबहादुर के.सी.को वारदातमा संलग्नता थियो भनी वादीले कहिँ कतै खुलाउन सकेको पाइदैन । सोसम्बन्धी प्रमाण पनि मिसिल सामेल छैन । तसर्थ वादीले स्पष्ट वतन नखुलाएको, जाहेरवालाको किटानी जाहेरी नपरेको र अन्य स्वतन्त्र तथा वस्तुनिष्ठ प्रमाणबाट प्रतिवादी अम्मरबहादुर के.सी को वारदातमा संलग्नता थियो भन्ने कुराको पुष्टि नभएकोले अनुमानको आधारमा निजलाई कसूरदार ठहर गर्नु न्यायपूर्ण र कानूनसम्मत नदेखिने ।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई
इति संवत् संवत् २०६६ फागुन २३ गते रोज १ शुभम्

६

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या श्री रणबहादुर बम**, २०६५ सालको CR ०१३८,

जबर्जस्ती करणी, *रामहरि लामिछाने वि. नेपाल सरकार*

**मा.न्या. श्री ताहिर अली अन्सारीको राय :**

जवर्जस्ती करणी जस्तो गम्भीर अपराधमा कसूर स्थापित हुन शंकारहित तवरबाट आरोपको पुष्टि हुनुपर्ने फौजदारी न्यायको मान्य सिद्धान्तविपरीत प्रस्तुत मुद्दामा प्रतिवादीलाई केवल शकाबाट अभिप्रेरित भई अनुसन्धान कार्यलाई समेत प्रभावित पारी अस्वाभाविक तवरबाट गरिएको अनुसन्धान र सो अनुसन्धानका आधारमा लगाइएको आरोपबमोजिम कसूर ठहर गर्न नमिली कसूरबाट सफाइ पाउने ।

**मा.न्या श्री रणबहादुर बमको राय:**

जाहेरवालाले जवर्स्जती करणी जस्तो जघन्य अपराधमा प्रतिवादीलाई फसाउनु पर्ने सम्मको पूर्व रिसइवी रहेको र अन्य कारण भएको भनी प्रतिवादीले जिकीर लिन र सोको आधार र प्रमाण समेत देखाउन सकेको छैन । करणी गर्ने व्यक्तिको पहिचान गरी आफ्नो छोरीलाई जवर्जस्ती करणी गरेको भनी बाबुले जाहेरी दिएको वास्तविक तथ्यलाई सामान्य रूपमा लिनु हुदैन । नावालिकाले यी प्रतिवादीले करणी गरेको भनी वयान गरेकी र अदालतमा वकपत्र गर्दा समेत सोही कुरा उल्लेख गरी वकपत्र गरेकी छन् । नावालकमा छलकपट बनावटी कुरा नगरी सत्यतथ्य कुरा गर्ने स्वभाव हुन्छ । आफ्नो अस्मितामा आँच आउने गरी करणी गरेको प्रतिवादीलाई पोल्नु पर्ने अन्य कुनै कारण छैन । जाहेरी दरखास्त, घटनास्थल प्रकृति मुचुल्का तथा पीडितको जाँचपूर्जा, जाहेरवालाको भनाई पीडितको वयान, मौकामा कागज गर्नेहरूको भनाई प्रतिवादीहरूको अनुसन्धान अधिकारीसमक्ष गरेको साविती वयान समेतबाट प्रतिवादीले जवर्जस्ती करणी गरेको पुष्टि हुने ।

मा.न्या. श्री ताहिर अली अन्सारीज्यूको रायसँग सहमत हुन नसकिएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलासमा पेश हुने ।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६६ साल फागुन २६ गते रोज ४ शुभम्

७

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री रणबहादुर बम**, २०६५ सालको स.फौं.पु.नं.०४८७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रीता सापकोटा,* २०६५ सालको स.फौ.पु.नं.०५०९, *रीतबहादुर सापकोटा वि. नेपाल सरकार*

घटनास्थलमा भेटिएको मट्टितेलको ग्यालेन सलाइको काँटी मृतकलाई मार्ने कार्य बाहेक अन्य कार्यमा प्रयोग गर्नको लागि त्यहाँ राखिएको हो भनी प्रतिवादीले खण्डन गर्न सकेका छैनन् । सो मट्टितेलको ग्यालेन र सलाइको काँटी आफ्नै घरको हो भनी स्वीकार गरेको अवस्था छ । स्वेच्छाले सचेत अवस्थामा गरेको कार्य र त्यसको परिणामको बोध भएको, कुनै बिरामी नभएको, होश ठेगानमा भएका यी प्रतिवादी रीतबहादुर र रीता दुबैले अनुसन्धानको क्रममा स्वीकार गरेका र अनुसन्धानको क्रममा संकलित प्रमाणहरूले पनि पुष्टि गरेको छ । तसर्थ कुटपीट गरी शरीरमा मट्टितेल जस्तो प्रज्वलनशील पदार्थ खन्याई आगो लगाई मरोस् भनी छाड्नुमा प्रतिवादी रीतबहादुर सापकोटाको आपराधिक मनसाय भएको स्पष्ट देखिने ।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६६ साल फागुन २६ गते रोज ४ शुभम्

८

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री रणबहादुर बम**, २०६५ सालको CR ०२८४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. देवराज धिमाल,* २०६५सालको CR ०६४६, *देवेन्द्र धिमाल वि. नेपाल सरकार*

जाहेरवालाको कथनबाट र मिसिल संलग्न अन्य कागज प्रमाणबाट समेत प्रतिवादीले जिकीर लिएअनुसार मृतकले पहिले भाटाले प्रतिवादीलाई कुटपीट गरेको भन्ने कुरा पुष्टि हुन नसकी प्रतिवादीले नै बाँसको भाटा प्रयोग गरी देशबहादुरलाई कुटपीट गरेको कारणबाट निजको

मृत्यु भएको भन्ने कुरा समर्थित भएको देखिन आएकोले प्रस्तुत मुद्दाको वारदातलाई भवितव्य भनी ठहर गर्न मिल्ने पनि देखिएन । मृतकलाई मार्नु पर्ने रिसइवी नभएको, बाबुसंग भनाभन हुँदा तत्काल उठेको रिस थाम्न नसकी बाँसको भाटाले कुटपीट गर्दा देशबहादुरको मृत्यु भएको देखिदा यस्तो प्रकृतिको वारदातलाई आवेश प्रेरित अपराध भन्नु पर्ने हुँदा मुलुकी ऐन ज्यानसम्बन्धी महलको १४ नं.ले परिभाषित कसूरअन्तर्गत पर्ने ।
इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई
इति संवत् २०६६ साल फागुन २६ गते रोज ४ शुभम्

९

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री रणबहादुर बम**, २०६६ सालको दे.पु.नं. ८१३१, अंश, *नरमाया ढुंगेल वि. मनमाया ढुंगेल समेत*

वादी नरमाया ढुङ्गेलले न त विधिवत वण्डा पत्र भई अंश पाएको न त घरसारमा वा व्यवहार प्रमाणबाट अंश पाइसकेको भन्ने तथ्य पुष्टि भएको देखियो । आफ्नोपट्टिको छोरा विष्णुप्रसाद २०१७ सालमा छुट्टी भिन्न भएकोले निजले आफ्नो आमाको भागको अंश पनि लिइसकेको होला भनी अनुमान गरी सोही अनुमानको आधारमा यी वादीले अंश लिइसकेको मान्न न्याय र कानूनको रोहमा नमिल्ने हुँदा वादीले दावीअनुसार प्रतिवादीबाट ४ (चार) भागको १ (१) भाग अंश पाउने ।
इजलास अधिकृत : कमलप्रसाद पोखरेल
कम्प्युटर : धनबहादुर गुरूङ्ग
इति संवत् २०६७ साल जेठ ३ गते रोज २ शुभम्

१०

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला**, २०५९ सालको . फौ.पु..नं. ३३७१, लागू औषध सेतो हिरोइन निकासी, *नेपाल सरकार वि. केशवराज घिमिरे समेत*

प्रतिवादीहरूको अभियोग दावीबमोजिम कसूरमा संलग्नता भएको भन्ने ठोस र तथ्ययुक्त सबूद वादी पक्षले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम गुजार्न सक्नुपर्नेमा सोबमोजिम गर्न सकेको नदेखिँदा अनुमानको भरमा लागू औषध जस्तो संगीन कसूरमा कसूरदार ठहराउन न्यायसंम्मत नहुने हुँदा प्रत्यर्थीहरूलाई अभियोग दावीबमोजिमको कसूर गरेको अभियोगबाट सफाइ हुने ।
इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ
संवत् २०६६ साल पुस २६ गते रोज १ शुभम् ।

## इजलास नं १०

१

**मा.न्या. श्री प्रेम शर्मा र मा. न्या. श्री मोहनप्रकाश सिटौला**, उत्प्रेषण, २०६२ सालको रिट न..३५१४, *स्वावलम्वन विकास बैंक समेत वि. श्री श्रम अदालत काठमाडौं समेत*

काजको रूपमा केही समयसम्म सेवा दिएकै आधारमा विकास बैंकको कर्मचारीहरूको सेवा सुविधा वा अन्य कुराको सम्बन्धमा सो बैंकले दायित्व निर्वाह गर्नुपर्ने भन्न मिल्ने हुँदैन । केन्द्रबाट अवकाश प्राप्त कर्मचारीहरू स्वावलम्बन विकास बैंकमा नियुक्ति पाई कार्यरत् रहेको नभै केन्द्रले बैंकमा काज पठाएको विषयमा आधिकारिक निर्णय गर्नु भनी निवेदक बैंकका नाममा श्रम अदालतले गरेको निर्देशनात्मक आदेश कानून अनुकूल भए गरेको नदेखिदा सो निर्देशनात्मक आदेशसम्म उत्प्रेषणको आदेशद्वारा वदर हुने ।
इजलास अधिकृत : भोलानाथ ढकाल
कम्प्युटर : धनबहादुर गुरूङ्ग
इति संवत् २०६६ साल फागुन १२ गते रोज ४ शुभम्

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसै अनुरूप निर्णय भएका छन् :

- २०६२ सालको रिट नं. ३६४८, *मुक्ति यादव वि. श्रम अदालत, काठमाडौं.समेत*
- २०६२ सालको रिट नं. ३६४९ *दाताराम रिजाल समेत वि. श्रम अदालत काठमाडौं समेत*

- २०६२ सालको रिट नं. ३६५०, *रामकाजी भुजु समेत वि. श्रम अदालत काठमाडौं समेत,*

२

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री मोहनप्रकाश सिटौला**, २०६५ सालको दे.पु.नं. ०६४५, मोही प्रमाणपत्र, *गोपालभक्त माथेमा वि. रामपुजन यादव*

वास्तविक रूपमा आफ्नो श्रमबाट खेती किसानी गरी मोहीको हैसियतमा जग्गा कमाउने व्यक्तिले लगत भर्न छूट भएकै आधारमा निजलाई मोही हकबाट विमूख गराउन मिल्दैन । दर्ता स्रेस्ताका कागजात फिल्डबुक तथा स्वयं मोहीको रूपमा स्वीकार गरी कुतबाली बुझी भरपाई गरी दिएको अवस्थामा लगत भरी अनुसूचीमा प्रकाशित नभएको भन्ने आधारमा मात्र कायम रहेको मोही हक समाप्त गर्न कानूनले आत्मसात गरेको भावना तथा उद्देश्यविपरीत हुने ।

इजलास अधिकृत : चन्द्रप्रकाश तिवारी
कम्प्युटर : शम्भुप्रसाद शाह
इति संवत् २०६६ साल फागुन १४ गते रोज ६ शुभम्

३

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती**, २०६१ सालको फौ.पु.नं.३३१०, आयकर *सुशील जोशी वि. ३ नं. क्षेत्र कर कार्यालय, बबरमहल काठमाडौं*

बोनस ऐन, २०३० को दफा ५ बमोजिम मुनाफा गर्ने प्रत्येक प्रतिष्ठानले खुद मुनाफाको १० प्रतिशत बराबरको रकम कर्मचारीलाई बोनसवापत छुट्याउनु पर्ने र उक्त ऐनको दफा ७ बमोजिम बोनस वितरण गरी बाँकी रहेको रकमको ७० प्रतिशत रकम श्रम ऐन, २०४८ को दफा ३७ बमोजिम स्थापित प्रतिष्ठानस्तरको कल्याणकारी कोषमा ३० प्रतिशत रकम कानूनबमोजिम स्थापित राष्ट्रियस्तरको कल्याणकारी कोषको स्थापना नभएको अवस्थामा बाँकी ३० प्रतिशत समेत जम्मा गरेको देखिएबाट उक्त विवादित ३० प्रतिशत रकमलाई खुद आयमा समावेश गरी भएको कर निर्धारणलाई कानूनबमोजिम भएको मान्न नमिल्ने ।

इजलास अधिकृत : श्रीप्रसाद उप्रेती
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६६ साल माघ १९ गते रोज ४ शुभम्
यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैबमोजिम निर्णय भएका छन्:

- २०६१ सालको फौ.पु.नं. ३३०९, *सुशील जोशी वि. ३ नं. क्षेत्र कर कार्यालय, बबरमहल, काठमाडौं*
- २०६१ सालको फौ.पु.नं. ३३११, *सुशील जोशी वि. ३ नं. कर कार्यालय, बबरमहल काठमाडौं*

४

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती**, २०६१ सालको रिट नं. ३४८३, उत्पेषण, परमादेश, *कृष्णबहादुर थापा, वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

विदा अधिकार होइन भन्ने कानूनद्वारा अवलम्बित गरिएको प्रावधानमा विवाद गरी रहन पर्ने देखिँदैन । तर कसैको लागि अधिकारसरह सुविधा प्रदान गर्ने कसैको हकमा सोतर्फ आकर्षित गर्ने व्यवधान सरह व्यवहार गर्नेलाई सो व्यवस्था हो भनी कदापि मान्न मिल्दैन र त्यस्तो कार्यलाई नियोजित विभेद भित्र पर्न गई व्यक्ति विशेषको संविधान प्रदत्त हकको प्रतिकूल मान्नु पर्ने ।

कुनै कर्मचारीलाई उस्तै अवस्थाका अन्य कर्मचारीहरूले पाएसरहको कुनै अधिकार वा सुविधाबाट आत्मनिष्ठ निर्णयबाट वञ्चित गरिन्छ भने त्यस्तो निर्णयमा न्यायिक विवेक शून्य भई समान अवसरको सर्वमान्य सिद्धान्तप्रतिकूल भई अमान्य हुन्छ । विदा अधिकार होइन, त्यस प्रावधानमा औंलासम्म ठड्याउने ठाउँ छैन, तर विदा स्वीकृत गर्ने अधिकारीले त्यसलाई स्वेच्छाचारी अस्त्रको रूपमा प्रयोग गर्न पाउने पनि त्यसको आदर्शभित्र पर्दैन । विदा स्वीकृत गर्ने अधिकारीको निर्णयमा विभेदको सामान्य

आभाष वा गन्ध देखा पर्न हुँदैन । तसर्थ कसैलाई उही प्रकृतिको छात्रवृत्तिमा विद्या आर्जन गर्न निर्विवाद मौका प्रदान गर्ने र कसैलाई अंकुश लगाई आफ्नो वृत्ति विकासको अवसरबाट वञ्चित गर्ने निर्णयलाई विभेदकारीको संज्ञा दिई असमान व्यवहार प्रदर्शित आचरण मान्नु पर्ने ।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्नाम

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल माघ २६ गते रोज ३ शुभम्

५

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती**, २०५९ सालको रिट नं. ३२२१, उत्प्रेषण समेत, *मनजीत सिंह वि. कन्काई सिंचाई परियोजना समेत*

निवेदन दिने हदम्याद र मध्यस्थको निर्णय वदर हुने अवस्थाको सम्बन्धमा तत्कालीन मध्यस्थता ऐन, २०३८ को दफा २१ (१) तथा दफा २१(२) मा व्यवस्था गरिएको छ । यस्तो निवेदन परेपछि मध्यस्थको निर्णयमा कुनै कानूनी त्रुटि भएको अवस्थामा त्यस्तो निर्णय वदर गरी पुनः निर्णय गर्नु भन्ने आदेश अदालतले दिन सक्ने, यस्तो आदेश जारी गर्दा अवस्था हेरी अघि निर्णय गर्ने मध्यस्थ वा अरू मध्यस्थबाट निर्णय गराउने गरी अदालतले निवेदनसहित मिसिल पठाउन सक्ने व्यवस्था उक्त ऐनको दफा २१(३) मा गरिएको छ । उक्त कानूनी व्यवस्थाअनुसार मध्यस्थको निर्णयमा ऐनको दफा २१(२) मा उल्लेख गरिएको कानूनी व्यवस्थाको त्रुटि भएको देखिएमा सो निर्णय वदर गरी पुनरावेदन अदालत आफैंले उक्त त्रुटि सच्याई सबूद प्रमाणको आधारमा निर्णय गर्नसक्ने पुनरावेदकीय अधिकार क्षेत्र पुनरावेदन अदालतलाई प्रदान नगरिएको अवस्थामा मुलुकी ऐन, अ.वं. १९२ नं. को व्यवस्था आकर्षित हुन नसक्ने ।

इजलास अधिकृत : चन्द्रप्रकाश तिवारी

इति संवत् २०६६ साल पुस १३ गते रोज २ शुभम्

६

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती**, २०६१ साको दे.पु.नं. ९६६१, गैरकानूनी रूपमा ट्रेडमार्क अंङ्कित खाली बोतलको प्रयोग, *डा. दमनबहादुर अमात्य वि. नेपाल सरकार, उद्योग विभाग समेत,* २०६१ सालको दे.पु.नं. ९६६२, *प्रेमध्वज थापा वि. नेपाल सरकार उद्योग विभाग समेत*

गोर्खा ब्रुअरी प्रा.लि.ले उत्पादन गरेको बियर 'टुबर्ग' ट्रेडमार्क अंङ्कित बोतलमा राखी बिक्री वितरण गरी उक्त बियर उपभोगपछि खाली भएका 'टुबोर्ग' अंङ्कित बोतलमा पुनरावेदक कम्पनीलगायतका उद्योगले उक्त बोतलहरू खरीद गरी सो बोतलमा आफ्नो उत्पादित बियर भरी बिक्री वितरण गर्दा प्रत्यर्थी गोर्खा ब्रुअरी प्रा.लि. ले प्रयोग गर्ने अधिकार पाएको 'टुबर्ग' ट्रेडमार्कमा रहेको हक हनन् हुन गई पेटेन्ट, डिजाइन तथा ट्रेडमार्क ऐन, २०२२ को दफा १६ (२) को विपरीत कार्य गरेको देखिएको र उक्त कार्य रोकी उद्योग विभागबाट ५ (पाँच) वटै बियर उद्योगहरूले आ-आफ्नै बोतल प्रयोग गर्नु पर्ने ।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्नाम

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६६ साल माघ २६ गते रोज ३ शुभम्

७

**मा.न्या. श्री रणबहादुर बम र मा.न्या. श्री सुशीला कार्की**, २०६३ CI ७४७, निर्णय वदर, *श्यामकुमार मानन्धर वि. विष्णुमाया थापा*

हक बेहकको निर्णय गर्ने अधिकार कानूनले मालपोत कार्यालयलाई प्रदान गरेको नदेखिएकोले मालपोत कार्यालयको क्षेत्राधिकारविहीन निर्णय वदर गरी सबूद प्रमाणसहित हककायम गराई ल्याउन सम्बन्धित अदालतमा नालिस गर्न जानु भनी दुबै पक्षलाई सुनाई दिनुपर्ने ।

इजलास अधिकृत : उद्धव गजुरेल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल बैशाख ७ गते रोज ३ शुभम्

८

**मा.न्या. श्री रणबहादुर बम र मा.न्या. श्री सुशीला कार्की,** २०६४ सालको फौ.पु.नं. ३२७, ठगी, *बीरेन्द्र निरौला वि. नेपाल सरकार,* २०६४ सालको फौ.पु.नं. ०४५१, *नेपाल सरकार वि. बीरेन्द्र निरौला समेत*

जाहेरी दरखास्तमा प्रतिवादी बीरेन्द्र निरौला समेतले रू. २२ लाख ठगी गरी लिई गएको भनी उल्लेख गरेको देखिन्छ भने निजै जाहेरवालाले अदालतमा वकपत्र गर्दा प्रतिवादीहरूले रू. २२ लाख नै ठगी गरेको भनी दावी लिएको भए तापनि कागजातबाट केवल रू. १२ लाख रकम लिएको भन्ने देखिन्छ । सो रकम बाहेक अरू रकम प्रस्तुत मुद्दाका प्रतिवादीहरूले ठगी गरी लिएको खाएको भन्ने कुराको तथ्ययुक्त आधिकारिक लिखत प्रमाण वादी पक्ष र जाहेरवाला समेतले पेश गर्न सकेको नदेखिँदा बिगो रू. १२,००,०००।– मात्र ठगी गरेको पुष्टि हुन आयो । प्रतिवादी बीरेन्द्र निरौलाबाहेकका अरू प्रतिवादीहरूले आरोपित कसूर गरेको नठहरी सफाइ पाएको अवस्था हुँदा उक्त विगो रू. १२ लाख प्रतिवादी बीरेन्द्र निरौलाले ठगी गरेको ठहर्ने ।

इजलास अधिकृत : उद्धव गजुरेल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल बैशाख ७ गते रोज ३ शुभम्

९

**मा.न्या. श्री रणबहादुर बम र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको स.फौ.पु.नं. ०५७५, सरकारी छाप दस्तखत कीर्ते, *नेपाल सरकार वि. खेमराज मगर समेत*

प्रतिवादी निरा गिरी, हर्कराज राई र नावालक लोकराजका हकमा निजहरूलाई सफाइ दिने गरी भएको काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिँदा सो हदसम्म सदर हुने । अन्य प्रतिवादीहरू खेमराज मगर र जीतराज मगरले आरोपित कसूर गरेको देखिएकोमा निजहरूलाई आरोपित कसूरमा सजाय गर्नु पर्नेमा सफाइ दिने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला मिलेको नदेखिदा निजहरूको हकमा केही उल्टी हुने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : धनबहादुर गुरूङ्ग

इति संवत् २०६६ साल कात्तिक ५ गते रोज ५ शुभम्

१०

**मा.न्या. श्री रणबहादुर बम र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको CR ०५३२, कर्तव्य ज्यान, *कृष्णकुमारी घिमिरे समेत वि. नेपाल सरकार*

पूर्व तयारीकासाथ सामूहिक योजना बनाई मृतकलाई कुटपीट गरी बेहोस गराई रातको समयमा रूखमा झुण्ड्याई मार्नेसम्मको प्रत्येक काममा यी पुनरावेदक प्रतिवादीहरूको मनसाय र आपराधिक कार्य दुबै समदूरीमा क्रियाशील भएको पाइन्छ । तसर्थ यी पुनरावेदक प्रतिवादीहरूले मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. र १३(३) नं. बमोजिमको कसूर गरेको स्पष्ट देखिदा पुनरावेदक प्रतिवादी गणेशप्रसाद दाहाल, कल्पना दाहाल र कृष्णकुमारी घिमिरेलाई ऐ ऐनको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ।

बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम वारदात अवस्थामा रामप्रसाद दाहाल १४ वर्षभन्दा माथि र १६ वर्षभन्दा कम उमेरको व्यक्ति देखिँदा निजलाई कानूनबमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय गर्नु पर्ने कानूनी व्यवस्थाको अवलम्बन गर्नुपर्ने ।

इजलास अधिकृतः राजन बाँस्तोला

इति संवत् २०६७ साल बैशाख १५ गते रोज ४ शुभम्

११

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री प्रकाश वस्ती**, अंश चलन, २०५७ CI ६३०४, *झिग्मी पलवर बिष्ट समेत वि. कर्साङ्ग लावाङ्ग,* २०५७ CI ६५२७, *कर्साङ्ग लावाङ्ग वि. पलवर बिष्ट समेत*

घरसारको २०१७ सालको सक्कल पेश नभएको घरायसी लिखतको प्रमाणिक महत्व

नरहेको तथा मिसिल संलग्न १ नं. र ७ नं. फाँटवारी पुष्टिकारक प्रमाणको अभावमा अंशवण्डा भएका आधारभूत प्रमाण हुन नसक्दा अंश जस्तो नैसर्गिक अधिकारबाट वादीलाई वञ्चित गर्नु न्यायसंगत नदेखिने ।

मुद्दाका पक्षको पनि न्याय सम्पादनमा निश्चित कर्तव्य हुन्छ । फिराद र प्रतिउत्तर परेपछि अ. व.. १३९ बमोजिम बुझ्दा प्रकट भई मिसिलमा प्रवेश पाएको तथ्यबाट प्रतिकूल असर पर्ने वादीले तत्कालै निवेदन दिएर खण्डन गर्न सक्नुहुन्थ्यो । यसो हुन नसकेको अवस्थामा समेत यस अदालतमा पुनरावेदन दिदा सो तथ्य झूठो भएको कुरा राख्न सक्नुहुन्थ्यो । यस्तो केही हुन सकेको छैन । विवाद नभएको तथ्यका पछाडि लागी खोजीनीति गरी अदालतले आफ्नो समय वर्वाद गर्दैन । तसर्थ माहिलो थुक्देन ग्याचोका दुई श्रीमतीहरू, एक छोरा र एक छोरी रहेको मात्र बाहेक अर्को विकल्प नदेखिने ।

स्वास्नीहरू तथा छोराछोरी समेत रहेका थुक्देनले अंश चाहिन्न भन्ने बित्तिकै त्यो हाँगोमा कोही नरहे सरह सो हाँगो नै अंश हकबाट वञ्चित हुने र वादीको हैसियत वृद्धि भई हकभन्दा बढी सम्पत्ति पाउने हुन नसक्ने ।

कि.नं. ५९१ को जग्गा नापी हुँदाकै अवस्थामा गुम्बा जनिई नापी भएको देखिदा व्यक्तिगत सम्पत्तिको रुपमा प्रयोग हुने भए निश्चित रुपमा सो सम्पत्ति व्यक्तिको नाउँमा दर्ता रहने थियो । स्वाभाविक रूपमा गुम्बा धार्मिकस्थल भएको कारणले सोको सार्वजनिक रूपमा प्रयोग हुन्छ । धार्मिक आस्थाअनुरूप त्यहाँ जो कोहीले धार्मिक उपासना गर्न पाउने हुन्छ । यस्तो मानव मात्रको आस्थाको केन्द्रको रूपमा रहेको गुम्बालाई विभाजित गरी धर्म र संस्कृतिमा आँच पुऱ्याउनु न्यायोचित नहुँदा धार्मिक उपासनास्थललाई वादी समेतले धार्मिक प्रयोजनमा गुम्बाका नीति नियममाअन्तर्गत रही प्रयोग गर्न नै सक्ने हुँदा सोलाई बण्डा गर्नु कानूनी दृष्टिका साथै सामाजिक, साँस्कृतिक र धार्मिक आधारबाट समेत उचित नहुने ।

मुस्ताङ दरवार ऐतिहासिक महत्वको देखिएको अबस्थामा ऐतिहासिक, सांस्कृतिक धरोहरको संरक्षण आवश्यक हुँदा ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक स्वरुप प्रचलित नेपाल कानूनका अधीनमा रही यथावत कायम गर्ने गरी उक्त सम्पत्ति अंशवण्डा हुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६६ साल फागुन ४ गते रोज ३ शुभम्

## एकल इजलास

**मा.न्या. श्री मोहनप्रकाश सिटौला** , संवत् २०६६ WH ००६३, बन्दी प्रत्यक्षीकरण, *काशीराम अधिकारीको हकमा ममता अधिकारी वि. केन्द्रीय कारागार कार्यालय समेत*

पुर्पक्षका लागि थुनामा राख्नुपर्ने आधार र कारण समेत खुलाई मुलुकी ऐन, अ. बं. ११८(२) नं बमोजिम हाललाई थुनामा राख्ने गरी भएको आदेशलाई निबेदकको मौलिक हकमा आघात पुग्ने गरी गैरकानूनी थुनामा राखेको भन्न नमिल्ने हुँदा मागबमोजिमको आदेश जारी गर्न नपरी रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः अम्बिका निरौला

इति संवत् २०६७ साल जेठ ३० गते रोज १ शुभम्

**यस बुलेटिनमा केवल ती निर्णय समावेश हुदैनन् जो सम्पादन समितिलाई सम्बन्धित इजलास अधिकृतबाट तोकिएको १५ दिनको अबधि भित्र प्राप्त भएका हुदैनन् ।**

## सर्वोच्च अदालत बार एसोशिएशनद्वारा मिति २०६७।३।१८ मा आयोजित मेलमिलापसम्बन्धी आधारभूत तालिम उद्घाटनका अवसरमा सम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठज्यूले दिनु भएको मन्तव्य

**यस कार्यक्रमका सभापतिज्यू,**

**तथा उपस्थित सम्पूर्ण सहभागीहरू ।**

सर्वोच्च अदालतको सहयोग र सर्वोच्च अदालत बार एशोसिएशनको सक्रियतामा आयोजना हुन गइरहेको मेलमिलापसम्बन्धी आधारभूत तालिमको समुद्घाटन गरी आफूलाई लागेका केही शब्दहरू व्यक्त गर्ने अवसर दिनु भएकोमा आयोजकहरूलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

विश्व मानचित्रमै विकसित कानूनी प्रणालीको अगुवामध्ये एक मानिने अमेरिकामा समेत शुरुशुरुमा मेलमिलाप प्रणालीलाई कानून व्यवसायलाई नै प्रतिस्थापन गर्ने पद्दतिका रुपमा हेरिएको थियो । तर हामी कहाँ स्वयं कानून व्यवसायी तथा यसको प्रतिनिधि संस्था नेपाल बार एशोसिएशनले मेलमिलाप प्रणालीलाई सहजै रुपमा ग्रहण गरेको मात्र होइन, यसलाई कानूनी प्रणालीकै अभिन्न अंगका रुपमा अंगीकार गर्ने अग्रसरता देखाउनु निश्चय नै हामी सबैको लागि गौरवको कुरा हो । यसका लागि नेपाल बार एशोसिएशन तथा यसका समस्त एकाइहरूलाई म विशेष धन्यवाद दिन चाहन्छु ।

विवाद समाधानको यो प्रभावकारी वैकल्पिक उपाय हामी नेपालीका लागि अपरिचित विषय भने होइन । लिच्छविकालमा ग्रामपाञ्चालीका रुपमा होस् वा मल्ल कालमा कचहरीका रुपमा होस् स्थानीय तहमै विवादको मेलमिलाप गराई टुंग्याउने हाम्रो आफ्नै मौलिक संस्कृति हो । यी भन्दा अगाडि किराँत कालमा प्रचलित मुखिया प्रणाली मेलमिलाप पद्धतिकै सुत्राधार हो । वि.सं. १९१० सालको मुलुकी ऐनको अदालती भन्ने महलको ३४ नं. मा अदालतमा दायर भएका मुद्दामा समेत २५ जना भलाद्मीले मुद्दा मिलाउने प्रतिबद्धता जाहेर गरेमा सो मुद्दा निजहरुलाई “तजवीज” गर्न दिने कानूनी व्यवस्था नै रहेको थियो ।

वि.सं.१९१० सालमै लिखित कानूनमै विजारोपित मेलमिलाप पद्दतिलाई २००६ सालको गाउँ पञ्चायत ऐन लगायतले अगाडि बढाउँदै ल्याएको पाइन्छ । मिलापत्र गराउने सम्बन्धमा हाल प्रचलित मुलुकी ऐन, अ.वं. १८२ को व्यवस्था त हाम्रो कानूनी प्रणालीको अभिन्न अंग नै रहिआएको छ ।

मेलमिलाप पद्दतिलाई संस्थागत विकास गर्ने क्रममा सर्वोच्च अदालतले निर्वाह गरेको नेतृत्वदायी भूमिका यहाँहरूबाट लुकेको छैन । अदालत प्रेषित मेलमिलापलाई कानूनी स्वरुप प्रदान गर्दै अगाडि बढाउन २०६० साल मंसिर १ गते जिल्ला अदालत नियमावली, २०५२ मा चौंथो संशोधनद्वारा नियम ३२क थपिएको कुराले विशेष महत्व राख्दछ । यसैगरी पुनरावेदन अदालत नियमावली, २०४८ र सर्वोच्च अदालत नियिमावली, २०४९ मा पनि २०६३ साल साउन १५ गतेदेखि यस पद्दतिलाई कानूनी स्वरुप दिइयो । सर्वोच्च अदालतको पूर्ण वैठकले अब शुरु तहमा प्रमाण मुकरर गर्नुभन्दा अगाडि दुवै पक्ष जुटेपछि पक्षहरूले वेमञ्जूरी प्रकट नै गरेमा बाहेक मेलमिलापको प्रक्रियामा अनिवार्यत: जानै पर्ने गरी नियमावली संशोधन गरी पारित गरिसकेको कुरा यहाँहरूलाई जानकारी गराउन चाहन्छु । यो संशोधित व्यवस्था नेपाल राजपत्रमा प्रकाशन हुने वित्तिकै लागू हुनेछ । यसका साथै सामुदायिक मेलमिलाप समेतलाई समेटेको छुट्टै मेलमिलापसम्बन्धी ऐनको मस्यौदा तयार भई पारित हुने क्रममा रहेको भन्ने जानकारी प्राप्त भएको छ ।

यति मात्र नभई सर्वोच्च अदालतले सर्वोच्च अदालत र सबै पुनरावेदन अदालतमा गरी १७ तथा जिल्ला अदालत तहमा ३७ समेत ५४ मेलमिलाप केन्द्र स्थापना गरिसकेको छ । २०६७ जेठ मसान्तसम्मको तथ्याङ्कअनुसार विभिन्न अदालतहरूका सूचीकृत मेलमिलापकर्ताको संख्या १११४ पुगिसकेको छ । सर्वोच्च अदालतकै माननीय न्यायाधीशज्यूहरू समेत संलग्न मेलमिलाप समितिले मेलमिलापलाई अझ बढी प्रभावकारी बनाउन अत्यन्त सक्रियतापूर्वक कार्यहरू गर्दै आइरहेको छ ।

शैशवावस्थामा रहेको मेलमिलाप प्रणालीले आशातीत सफलता हासिल गर्न नसकेको भने पक्कै हो । सर्वोच्च अदालत मेलमिलाप केन्द्रमा रहेको २०६३ सालदेखि २०६७ साल जेठ ३१ गतेसम्मको तथ्याङ्क हेर्दा ९२९ थान मुद्दा मेलमिलापका लागि पठाइएकोमा जम्मा १०३ थान मुद्दामा मात्र मेलमिलाप गराउने सफलता हासिल भएको छ । सर्वोच्च अदालतमा २०६७ (जेठ मसान्त) सम्ममा अघिल्लो वर्षको जिम्मेवारी सरेका ७६ र यस बर्ष मेलमिलाप केन्द्रमा पठाइएका २४४ समेत जम्मा ३२० थान मुद्दामध्ये २२ थान मुद्दामा मात्र मेलमिलाप सम्भव भएको पाइनु पनि उत्साहप्रद लक्षण होइन ।

मानव समाजमा विभिन्न खाले विवाद हुनु असामान्य कुरा होइन । विवाद समाधानको औपचारिक न्यायिक प्रक्रियाको आफ्नै महत्व छ । तर, विवादमा मेलमिलापले दिने समाधान अनमोल हुन्छ । विवादका पक्ष कसैले नहार्ने सबैले जित्ने यो पद्दतिले नै समाजमा दीगो शान्ति स्थापना गर्न सक्दछ । राष्ट्र, समाज र परिवार लगायत हर क्षेत्रमा मेलमिलापको योगदान अतुलनीय हुन सक्दछ । यो सत्य हामी सबैले आत्मसात् गर्नु आवश्यक छ ।

वास्तवमा हामीले अपनाएको अदालत प्रेषित मेलमिलाप पद्दतिप्रति हामी सबैको आत्मादेखि कै निष्ठा र प्रतिवद्धता भएमा मात्र यो सफल हुन्छ । त्यसैले यस्ता तालिम औपचारिकता तथा बसिवियाँलोमा मात्र सीमित नहोस् भन्ने कुरामा हामी सबै चनाखो हुनैपर्दछ । कुनै पनि कुराको उपलब्धि त्यसको परिणामबाट मात्र मूल्याङ्कन हुन सक्दछ । तसर्थ मेलमिलाप प्रणालीलाई परिणाममुखी बनाउनु आजको आवश्यकता हो भन्ने मलाई लाग्दछ ।

जुनसुकै नयाँ कामको थालनी गर्दा पनि समस्याहरू आइरहन्छन् । यिनलाई समाधान गर्दै अगाडि बढ्नु पर्दछ । मेलमिलाप प्रणालीको प्रयोगमा देखिएका समस्याहरूलाई पनि उचित व्यवस्थापन गर्दै यस प्रणालीलाई आत्मादेखि नै स्वीकार गरी हरेकले आ-आफ्नो क्षेत्रबाट योगदान दिनु अति आवश्यक छ । यो प्रणालीले अन्ततः जनता र समाजकै हित गर्ने भएकोले यसप्रति तपाई हामी सबैले प्रतिबद्ध भएर लाग्नुपर्ने खाँचो छ ।

मेलमिलाप पद्धतिलाई जनस्तरसम्म पुऱ्याउन सामुदायिक मेलमिलाप, अदालत सन्निहित मेलमिलाप जस्ता विविध पद्धतिहरूको अनुसरण गर्नुपनि उत्तिकै आवश्यक छ । यस पद्धतिलाई विवादको उदग्मस्थलमा नै पुऱ्याई स्थानीय स्तरमा नै विवाद समाधान गर्न सकेमा मात्रै मुद्दाका पक्षको स्रोत, साधन र समयको बचत हुने र यसको प्रत्यक्ष लाभ सम्बन्धित पक्षले प्राप्त गर्न सक्दछन् । त्यसैले हामीले अपनाइआएको मेलमिलाप पद्धतिलाई जिल्ला अदालत तहदेखि नै सशक्त रुपमा सञ्चालन गर्नु पर्दछ भन्ने मेरो धारणा छ । साथै यस पद्धतिको बारेमा सर्वसाधारण जनता, मुद्दाका पक्ष लगायत सम्बद्ध सबैलाई जानकारी गराई अभिमुखीकरण गर्नु त्यत्तिकै आवश्यक छ । यसको लागि नेपाल बार एसोशिएशन लगायत सबै तहका बार एसोसिएशनहरू, कानून व्यवसायी मित्रहरू, सञ्चारकर्मी, नागरिक समाज तथा नेपाल सरकार समेतबाट भविष्यमा पनि निरन्तर सहयोग, सहकार्य र सहभागिता देखाउनुपर्ने आवश्यकता छ । मेलमिलाप पद्धतिबाट हामीले हासिल गरेका अनुभव र भोगेका चुनौतीहरूलाई मूल्याङ्कन गरी भविष्यमा यस पद्धतिलाई अझ प्रभावकारी रुपमा संचालन गर्न सम्वद्ध सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा समेत राखेको छु ।

हाल नेपाल सरकारले पनि यस प्रणालीलाई संस्थागत गर्न आवश्यक पर्ने वजेट उपलब्ध गराई सहयोग गरिरहेको छ । चालु आर्थिक वर्षमा मेलमिलाप कार्यका लागि प्राप्त रकममध्ये मेलमिलाप केन्द्रको स्थापना, भौतिक पूर्वाधार तथा मेलमिलापकर्ताको आधारभूत तालीमतर्फ नै अधिकांश रकम खर्च भएको र मेलमिलाप प्रक्रियामा अत्यन्त कम रकम मात्रै खर्च गरिएको तथ्याङ्क रहेको छ । यो प्रक्रियालाई प्रभावकारी बनाउन आवश्यक पर्ने पूर्वाधार र जनशक्ति चाँडो तयार गर्न सकेमा मात्रै लक्षित उद्देश्य हासिल गर्न हामी सफल हुने छौं । यस प्रणालीको सम्बर्धनमा विभिन्न दातृ निकाय तथा नेपाल मेलमिलापकर्ता समाज जस्ता गैरसरकारी संस्थाहरुको योगदान पनि उच्च रहेको छ । सबै पक्षबाट निरन्तर सहयोग भइरहेमा यस प्रणालीले हाम्रो न्यायिक पद्धतिमा एउटा बलियो स्थान बनाउने छ र मेलमिलापका माध्यमले विवाद टुंग्याई समाजमा शान्ति स्थापना गर्न दिन प्रतिदिन आफ्नो गहकिलो भूमिका बढाउँदै लानेछ भन्ने कुरामा म विश्वस्थ छु ।

आधुनिक मेलमिलाप पद्धतिमा मुद्दाका पक्षहरुलाई मेलमिलापको लागि उत्प्रेरित गर्ने तेश्रो पक्ष अर्थात् स्वतन्त्र मेलमिलापकर्ताको उपस्थिति अनिवार्य हुन आउँछ । मेलमिलापकर्ताको निष्पक्ष, स्वतन्त्र एवं तटस्थ भूमिकाबाट मुद्दाका पक्षहरूलाई मिलाउन ठूलो मद्दत पुग्ने हुदाँ मेलमिलाप गराउने सीप र ज्ञान भएका मेलमिलापकर्ताहरुको ठूलो खाँचो रहेको हुन्छ । त्यसैले मेलमिलापसम्बन्धी आधारभूत तालीम लिन यहाँ उपस्थित हुनु भएका सम्पूर्ण कानून व्यवसायीहरूलाई मेलमिलाप प्रक्रियाले विवादका पक्षहरुको मात्र होइन, समस्त समाजको पनि हित गर्दछ, यसले न्यायिक प्रणालीको मात्र होइन अन्ततः हामी सबैको हित गर्दछ भन्ने सत्यलाई आत्मसात गर्न आग्रह गर्दछु । तपाइँहरूले यस कार्यक्रममा सिक्नु हुने ज्ञान, सीप, प्रविधि र कौशलबाट मेलमिलाप प्रक्रियालाई सफल पार्न ठूलो मद्दत पुग्नेछ ।

अन्त्यमा, यस कार्यक्रमको आयोजना गर्न सक्रियतापूर्वक लाग्नु हुने सर्वोच्च अदालत बार एसोसिएशनका अध्यक्षज्यू लगायत सम्पूर्ण पदाधिकारीहरुलाई पुनः एकपटक विशेष धन्यवाद दिन चाहन्छु । साथै यस मेलमिलापसम्वन्धी आधारभूत तालीम कार्यक्रमको पूर्ण सफलताको कामना गर्दै यहाँहरू सबैसँग विदा हुन चाहन्छु ।

धन्यवाद ।